# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकासक्रम सँगसँगै शिक्षाको पनि विकास भएको पाइन्छ । प्राचीन कालमा गुरुकुल शिक्षा हुनाले शिष्यहरुलाई घोकाएर पढाउने चलन थियो । शिक्षाको पहिलो पाठशाला घर भएकोले शिक्षण सिकाइको अनौपचारिक प्रक्रिया परिवारमा बाबुआमाद्वारा आफ्ना सन्तानहरुलाई विभिन्न ज्ञान एवम् सीपहरु प्रदान गर्दै जानुबाट प्रारम्भ भएको मानिन्छ । बढ्दो मानवीय आवश्यकतासँगै समाज वा समुदायको निर्माण हुन गयो । ज्ञान एवं सीपको भण्डार बढ्दै जाँदा परिवार र समाजद्वारा मात्र नयाँ पुस्तालाई आवश्यक ज्ञान, सीप र कुशलताहरुको विकास गराउन, त्यसको संरक्षण, सम्बर्द्धन एवम् हस्तान्तरण गर्न कठिनाई महसुस हुँदा अठारौं शताब्दीतिर विद्यालय व्यवस्थाको शुरुवात भएको पाइन्छ, (शर्मा, २०५७) ।

नेपालको शिक्षा नीतिमा रा.शि.प. योजना (२०२८) ले औपचारीक रुपमा शिक्षा क्षेत्रमा परिवर्तन भएका देख्न सकिन्छ । यस योजनाले नेपालको पाठ्यक्रममा एकरुपता कायम गर्ने देशभरी एकै प्रकारको शिक्षा नीति अवलम्वन गर्ने, शिक्षकको तालिम योग्यता निर्धारण गर्न, निरीक्षक तथा अनुगमन कार्यलाई जोड दिने जस्ता कार्यहरु भएका पाइन्छ । नेपालको शिक्षा नीति समय समयमा राजनितीक परिवर्तनहरु वाट प्रभावित भएको पाईन्छ । रा.शि. प. योजना ( २०२८) तत्कालीन शासन व्यवस्था वाट प्रभावित भएको पाईन्छ । (२०४६) सालको जनआन्दोलन वाट गठित रा.शि. आ. (२०४९) ले शिक्षा व्यवस्थाका प्रचलित केही अवधारणाहरुलाई परिवर्तन अनुरुप परिमार्जन गर्ने काम गऱ्यो यसरी सम्प्टीगत रुपमा नेपालको शिक्षा इतिहासमा सिकाइ तथा अध्ययन अध्यापन कियाकलाप शिक्षक केन्द्रित तथा नियन्त्रणमुखी भएको देखिए पनि

यसलाई सुधार गरी प्रजातान्त्रिक र व्यवहारिक पद्धतिलाई क्रमश अगाडी वढाउदै लगेको अवस्था देखिन्छ, (शर्मा, २०६०) ।

त्यस बेला गुरुकुल शिक्षा, मठ मन्दिरमा दिइने शिक्षा, बौद्ध गुम्वामा दिइने शिक्षा आदि प्रचलनमा थिए । श्रवण, मनन, व्याख्या, प्रदर्शन, प्रश्नोत्तर र छलफल शिक्षणको माध्यम वा शिक्षण विधि थियो । बौद्ध शिक्षा भृङ्गी विहार, खर्जुरिका विहार र गुम विहारमा दिइन्थ्यो । त्यस समयमा प्राकृत तथा पाली भाषा, दर्शन तथा साहित्य त्रिपिटक, जातक आदि पढाइका विषयहरु थिए । लिच्छविकालीन शिक्षा नेपालमा वेद, व्याकरण, न्याय, साहित्य, ज्योतिष आदि विषयमा पठन पाठन हुने गर्दथ्यो । त्यस समयमा दाताहरुको दान, दातव्यबाट शिक्षा केन्द्रहरु सञ्चालित थिए । मल्ल कालमा संस्कृत र बौद्ध शिक्षामा समान व्यवहार गरिएको थियो । त्यस समयमा खास जातका मानिसहरु पढेलेखेका हुनाले उनीहरुले शिक्षालाई आफ्नो तरिकाले अगाडि बढाएका थिए, (शर्मा, २०४३) ।

आधुनिक कालमा पृथ्वीनारायण शाहले सैनिकका टुहुरा बालवालिकाहरुलाई अध्ययन गराउन दुईजना व्यक्तिलाई छात्रवृत्ति प्रदान गरी संस्कृत र फारसी भाषा पढ्न भारत पठाएका थिए । नेपालमा विद्यालयीय शिक्षाको औपचारिक प्रारम्भ वि.सं. १९१० सालमा जंगबहादुर राणा बेलायतको यात्रा गरी थापाथलीमा अंग्रेजी विद्यालय र ल्हासामा नेपालीहरुलाई चिनियाँ र तिब्बती भाषा सिकाउन र परराष्ट्र सम्बन्धी जानकारी गराउन पाठशाला स्थापना गरी शिक्षक दरबन्दी तोकिएको थियो । वि.सं. १९४२ सालमा वीरशम्शेरले भारतबाट महिला शिक्षिका झिकाई आधारभूत प्राथमिक शिक्षा सुरु गरेका थिए । वि.सं. १९५८ सालमा देवशम्शेरले प्राथमिक शिक्षा व्यापक बनाउन १६ वटा पाठशालामा शिक्षक नियुक्ति गरी दरबार स्कुलका उच्च कक्षामा नेपाली भाषा समावेश गरेका थिए । चन्द्रशम्शेरले त्रि-चन्द्र कलेज, श्रेस्ता प्रणाली, नेपाली भाषा प्रकाशिनी समितिको स्थापना गरे । वि.सं. १९७५ देखि कलकत्ता विश्वविद्यालयले म्याट्रिकुलेशन परीक्षा

लिने गरी प्रवीणता प्रमाणपत्र र स्नातक तहका पाठ्यक्रममा नेपाली भाषालाई समावेश गरियो । वि.सं. १९८० देखि त्रिचन्द्र क्याम्पसको सम्बन्ध पटना विश्वविद्यालयमा सारियो । वि.सं. २००४ सालमा संवैधानिक कानुनको घोषणा पछि विद्यालय खोल्न शुरु भयो (शर्मा, २०५७) ।

नेपालमा शिक्षक तालिमको औपचारिक सुरुवात वि.स.. २००४ सालमा स्थापना भएको "आधार शिक्षा" अन्तर्गत "आधार प्रशिक्षण केन्द्र"लाई मान्न सकिन्छ । नेपालमा आधार शिक्षाको स्थापनासँगै शिक्षक तालिमको सुरुवात भएको पाइन्छ । यस पूर्व गुरुकुल तथा वौद्ध शिक्षा परम्परामा गुरुहरु तथा भिक्षु आदिले कसरी शिक्षण गर्ने भन्ने कुरा तिनै शिक्षा प्रणालीका मान्यतामा आधारित थिए ।

वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पछि योजनाबद्ध रुपमा शिक्षाको विकास गर्नका लागि वि.सं. २००९ सालमा "राष्ट्रिय शिक्षा बोर्ड"को स्थापना भई पाठ्यक्रमको विकासमा जोड र शिक्षक तालिम र बहुउद्देशीय शिक्षाको आवश्यकता महशुस गरियो । वि.सं. २०११ सालमा गठीत नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले पाठ्यक्रम, शिक्षक शिक्षण आदि पक्षहरुको विकासका लागि सिफारिस गरे बमोजिम वि.सं. २०१४ सालमा "शिक्षा महाविद्यालय" को स्थापना पछि पूर्व सेवाकालीन र सेवाकालीन शिक्षक तालिम सञ्चालन गरियो । यसमा स्नातक उत्तीर्ण गर्न एक वर्षे, इन्टरमिडियट उत्तीर्ण गर्न दुई वर्षे र एस.एल.सी. उत्तीर्णका चारवर्षे कार्यक्रम सञ्चालन गरियो । यसद्वारा शिक्षक प्रशिक्षणका लागि घुम्ती तालिम केन्द्र समेत सञ्चालन गरियो । शिक्षा महाविद्यालयबाट शिक्षक कार्यक्रममा नर्मल स्कुल तालिम, शिक्षक शिक्षा तालिम, व्यवसायिक प्रशिक्षण, दुगर्म क्षेत्र शिक्षक तालिम, महिला शिक्षक तालिम जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको पाइन्छ ।

वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । यसबाट पूर्व सेवाकालीन तालिम अर्थात् शिक्षाशास्त्र तर्फको अध्ययनले अध्यापन कार्यलाई थप बल प्राप्त भयो । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना शुरु भएपछि शिक्षक हुन तालिमलाई अनिवार्य बनाइयो । सेवाकालीन र पूर्व सेवाकालीन शिक्षक तालिम दिनका लागि त्रिभुवन विश्वविद्यालय अन्तर्गत “शिक्षाशास्त्र अध्ययन संस्थान” खडा गरियो । यस पूर्वका शिक्षक तालिमसँग सम्बन्धित संस्थाहरु शिक्षा महाविद्यालय, अंग्रेजी भाषा शिक्षक तालिम केन्द्र, राष्ट्रिय व्यावसायिक तालिम केन्द्र, प्राथमिक स्कुल शिक्षक तालिम केन्द्रलाई शिक्षाशास्त्र अध्ययन संस्थानमा गाभियो । शिक्षाशास्त्र अध्ययन संस्थानलाई दुई वर्षे प्रमाणपत्र तह, दुई वर्षे स्नातक, दुई वर्षे स्नातकोत्तर र एक वर्षे स्नातक तह जस्ता पूर्व सेवाकालीन शिक्षक शिक्षा कार्यक्रम सञ्चालन गरिएका थिए भने यिनै कार्यक्रमहरुमा तत्कालीन सरकारले छात्रवृत्ति मार्फत् शिक्षकलाई तालिममा पठाएर सेवाकालीन तालिम पनि प्रदान गरेको थियो । यस्तै सेवाकालीन तालिममा ए लेभल, वि लेभल, स्थानीय तालिम, दूर- शिक्षा कार्यक्रम जस्ता कार्यक्रमहरु सञ्चालन भएको पाइन्छ (वाग्ले, अर्याल, पौडेल र गौतम, २०६९) ।

राष्ट्रिय शिक्षा आयोग २०४९ ले पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्यांकन र अतिरिक्त क्रियाकलाप समावेश गरी विद्यालयमा शिक्षण सेवामा प्रवेशका लागि तालिम व्यवस्था अनिवार्य गरिनु पर्दछ भन्ने कुरा उल्लेख गरियो । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ का अनुसार शिक्षामा जनसहभागिता, विशेष शिक्षा, अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम, शिक्षकहरुको सेवा, वृत्ति विकास, परीक्षा र मूल्यांकन पद्धति र शिक्षक तालिमको व्यवस्था गरिएको थियो ।

सामान्य भाषामा शिक्षकले कक्षाकोठामा सिकारुलाई सिकाउनु शिक्षण हो । अर्थात् शिक्षकले विभिन्न प्रकारका ज्ञान, सीप, उपयुक्त कक्षाकोठाको वातावरणमा विद्यार्थीहरुलाई पढाउनु शिक्षण हो । यसरी शिक्षण सिकाइ

प्रक्रियाको मुख्य कार्यथलो कक्षाकोठा हो । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने मुख्य ठाउँ नै कक्षाकोठा भएकाले जबसम्म कक्षाकोठा व्यवस्थापन राम्रो हुँदैन तबसम्म शिक्षण प्रक्रिया प्रभावकारी हुँदैन ।

सामान्यतया व्यवस्थापनको अर्थ राम्रोसँग काम गर्ने वातावरण बनाउनु हो । काम गर्ने भन्नासाथ आफूले मात्र नभई अरुलाई पनि काम गर्नु गराउनु भन्ने बुझिन्छ । अतः व्यवस्थापन कुनै पनि संगठनको त्यस्तो मष्तिष्क हो जसले अरुलाई काम लगाउन सक्दछ भन्ने समेत हुन्छ । व्यवस्थापन कुनै पनि संघ संस्था, संगठन वा कार्यालयमा आवश्यक छ । व्यवस्थापनभित्र योजना बनाउनु, संगठन गर्नु, निर्देशन गर्नु, नेतृत्व प्रदान गर्नु, निर्णय गर्नु, नियन्त्रण गर्नु, प्रेरणा दिनु र सञ्चार गर्नु जस्ता पक्षहरु पर्दछन् ।

शिक्षण सिकाइलाई व्यवस्थापनको आवश्यकता पर्दछ भनी जोड दिने व्यक्ति आई.के. डेभिस हुन् । डेभिसका अनुसार शिक्षण उच्च पेशागत प्रक्रिया हो यसमा व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । कक्षाकोठामा गरिने शिक्षण सिकाइका लागि अनुकूल वातावरण निर्माण गर्नु भनेको कक्षा व्यवस्थापन हो । कक्षाकोठाको व्यवस्थापनका महत्वपूर्ण पक्षहरु भित्र भौतिक व्यवस्थापन, सामग्री व्यवस्थापन र विद्यार्थी क्रियाकलापको व्यवस्थापन पर्दछन् । यी तीनवटै पक्षहरुलाई अझ टुक्र्याएर भन्ने हो भने कक्षा व्यवस्थापन अन्तर्गत कक्षाकोठाको वातावरण, कक्षाको भौतिक अवस्था, बसाइ व्यवस्था, कक्षा सञ्चालनको तालिका व्यवस्था, शैक्षिक सामग्रीको व्यवस्था, विद्यार्थीको समूह व्यवस्था जस्ता कार्यहरु पर्दछन् । कक्षाकोठाको व्यवस्थापन राम्रो भएमा मात्र विद्यार्थीहरु अनुशासित हुने र शिक्षण प्रभावकारी हुने विश्वास गरिन्छ (शर्मा एण्ड शर्मा, २०६४) ।

आफूले चाहे जस्तो व्यवहारमा ल्याउन सिकाउने क्रियाकलापलाई तालिम भनिन्छ । गुणस्तर र प्रभावकारी शिक्षणका लागि शिक्षक तालिम अनिवार्य

मानिन्छ । शिक्षण सिकाइमा प्रभावकारिता ल्याई गुणस्तरीय शिक्षा हासिल गर्न पेशागत रुपमा दक्ष र योग्य शिक्षकको खाँचो पर्दछ । जसका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, कक्षाकोठा व्यवस्थापन, शिक्षण विधि, शैक्षिक सामग्रीको निर्माण र प्रयोग, बाल व्यवहार विश्लेषण, सिकाइ प्रक्रिया, परीक्षा र मूल्याङ्कन, शिक्षण अभ्यास, सृजनात्मक लेखन, खोजपूर्ण कार्य जस्ता विषय वस्तुहरुमा पूर्व सेवाकालीन तालिम, पुनर्ताजगी तालिम, कार्यशाला गोष्ठी आदि सञ्चालन हुनु नितान्त आवश्यक छ ।

शिक्षक तालिमले शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्दछ । यसले शिक्षकलाई उनीहरुले तालिमबाट सिकेका ज्ञान र सीपलाई कक्षाकोठामा प्रयोग गरी शिक्षणलाई प्रभावकारी बनाउनका लागि शिक्षक तालिम प्रभावकारी बनाउनु पर्दछ । यसरी प्रभावकारी शिक्षण तालिम भएमा शिक्षकहरुको गुणस्तरमा सुधार आई विद्यार्थीको सहभागिता बृद्धि हुनाको साथै उनीहरुको रुचि चाहनाले समेत प्रश्रय पाउँछ । यसरी तालिम पेशागत कार्यमा दक्षता प्रदान गर्नु हो । तालिमले क्रियात्मक पक्षमा बढी जोड दिन्छ तसर्थ शिक्षक तालिम भनेको प्रभावकारी ढंगले शिक्षण गर्नका लागि आवश्यक पेशागत दक्षता प्रदान गर्न सिकाइने शिक्षण सीप, ज्ञान र प्रशिक्षण हो । जसबाट आफ्नो पेशालाई सफलतापूर्वक अपनाउन सकिन्छ (ढकाल, २०६१) ।

प्रभावकारी रुपमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुनमा कक्षाकोठाको व्यवस्थापन महत्वपूर्ण मानिन्छ । कक्षाकोठालाई पठन पाठनका लागि उपयुक्त बनाउनु वा पढाउन योग्य बनाउनुलाई कक्षा वातावरणको निर्माण भनिन्छ । कक्षा व्यवस्थापन भित्र कक्षाकोठाको क्रियाकलापको व्यवस्थापन र सञ्चालन पर्दछ । उपलब्ध साधन र स्रोतको उच्चतम प्रयोग हुने गरी शिक्षण सिकाइ क्रियाकलाप अनुकूल कक्षाकोठालाई व्यवस्थित गर्ने कार्यलाई कक्षाकोठाको व्यवस्थापन भनिन्छ । कक्षा व्यवस्थापनको प्रमुख लक्ष्य समय र शक्तिको बचत

हुनुको साथै शिक्षण सिकाइमा प्रभावकारिता ल्याउनु हो, (शर्मा एण्ड शर्मा २०६४) ।

वि.सं. २००४ सालमा नेपालको शैक्षिक विकासको लागि ताहाचलमा स्थापना भएको आधार शिक्षक शिक्षण केन्द्रको आरम्भसँगसँगै हाम्रो देशमा औपचारिक रूपमा शिक्षक तालिमको शुरुवात भएको मान्न सकिन्छ । वि.सं. २००४ सालमा स्थापना भएका यस्ता आधार स्कुलहरूको विस्तार कम हुँदै गएपछि वि.सं. २०११ भाद्र २४ गते शिक्षक शिक्षण केन्द्रको स्थापना भयो । यस्ता शिक्षक शिक्षण केन्द्रमा प्रवेशिका उत्तीर्ण अनुभवी प्रशिक्षक शिक्षकलाई ३ महिने संघन शिक्षक तालिम दिने व्यवस्थाका साथै कक्षा १० सम्म मात्रै अध्ययन गरेकालाई शिक्षक तालिम दिएर विद्यालय खोली शिक्षक बनाइने व्यवस्था थियो, (कार्की, २०५२) ।

नेपालमा वि.सं. २०१४ सालमा कलेज अफ एजुकेशनको स्थापना भएपछि नर्मल स्कुल तालिम, व्यावसायिक प्रशिक्षण, महिला शिक्षक तालिम, शिक्षक शिक्षा तालिम, दुर्गम क्षेत्र शिक्षक तालिम जस्ता कार्यक्रमहरू सञ्चालन हुनुका साथै पूर्व सेवाकालिन शिक्षक तालिम सञ्चालन गरियो । यस अन्तरगत स्नातक उत्तीर्णलाई एक वर्षे, प्रविणता प्रमाण-पत्र उत्तीर्णलाई दुई वर्षे र एस.एल.सी. उत्तीर्णलाई चारवर्षे कार्यक्रम सञ्चालन गर्ने गरिन्थ्यो । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) लागू भए पश्चात शिक्षक हुनका लागि तालिमलाई अनिवार्य शर्तका रूपमा व्यवस्था गरिनुका साथै शिक्षकहरूको न्यूनतम् योग्यता समेत निर्धारण गरियो । जसअनुसार प्राथमिक शिक्षकको लागि एस.एल.सी., निम्न माध्यमिक शिक्षकको लागि प्रमाण-पत्र र माध्यमिक शिक्षकको लागि स्नातक तह उत्तीर्ण गर्नुपर्ने भयो । यसै योजना अनुसार विभिन्न तालिम केन्द्रहरू अंग्रेजी भाषा तालिम केन्द्र, राष्ट्रिय व्यावसायिक तालिम केन्द्र, प्राथमिक स्कुल शिक्षक तालिम केन्द्रलाई शिक्षा शास्त्र अध्ययन संस्थानमा गाभियो भने शिक्षा शास्त्र अध्ययन संस्थानबाट २ वर्षे आई.एड र २ वर्षे वि.एड.,

२ वर्षे एम.एड र १ वर्षे वि.एड.लाई पूर्वसेवाकालीन शिक्षक तालिमको रूपमा सञ्चालन गरियो । यसैगरी ए लेभल, वि लेभल अन द स्पर्ट ट्रेनिङ, हाई स्कूल बेस्ड ट्रेनिङ प्रोग्राम, वोमेन्स टिचर ट्रेनिङ प्रोग्राम जस्ता तालिम कार्यक्रमहरू हाम्रो देशमा वि.स. २०२८ देखि २०४६ सम्म सञ्चालनमा रहेका पाइन्छन्, ( शै.ज.वि.के.,२०६३) ।

वि.स. २०४६ सालमा भएको राजनैतिक परिवर्तन पश्चात वि.स. २०४९ बाट प्रारम्भ भएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले १५० घण्टे तालिम पूरा गरेका शिक्षकहरूलाई थप १८० घण्टे तालिम दिएर ३३० घण्टे तालिमको रूपमा पहिलो चरण पूरा गर्ने कार्यक्रम ल्यायो । राष्ट्रिय शिक्षा आयोग २०४९ ले गरेको सिफारिश बमोजिम शिक्षक र शैक्षिक क्षेत्रका जनशक्तिलाई तालिम दिन वि.सं. २०५० सालमा शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत स्थापना भएको शैक्षिक जनशक्ति विकास केन्द्रले हाल शिक्षक र शैक्षिक क्षेत्रका जनशक्तिको विभिन्न तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्नुका साथै शिक्षा क्षेत्रका अनुसन्धनात्मक तथा प्रतियोगात्मक कार्यहरूमा केन्द्रित भई मानव संसाधन विकास कार्यक्रमको विकास र प्रयोगमा महत्वपूर्ण जिम्मेवारीहरू निर्वाह गर्दै आएको छ । आफ्ना विभिन्न जिम्मेवारीहरू पुरा गर्नका लागि शैक्षिक जनशक्ति विकास केन्द्र अन्तरगत ९ वटा शैक्षिक तालिम केन्द्र क, २० वटा शैक्षिक तालिम केन्द्र ख र ५ वटा शैक्षिक तालिम उपकेन्द्रहरू हाल क्रियाशिल रहेका छन् ( शै.ज.वि.के., २०६३) ।

अनुसन्धान र नयाँ प्रविधिका माध्यमबाट गुणात्मक शिक्षाको प्रत्याभूतिकालागि उत्कृष्ट शैक्षिक व्यवस्थापन र शैक्षणिक क्रियाकलापहरूको अभिवृद्धि गर्न सक्ने सक्षम र गतिशिल जनशक्ति तयार गर्न नेतृत्वदायी भूमिका खेल्न सक्ने अन्तररष्ट्रिय स्तरमा पहिचान भएको आफूलाई स्थापित गर्ने शैक्षिक जनशक्ति विकास केन्द्रको दूरदृष्टि रहेको छ, (शै.ज.वि.के.,२०६५:१) ।

नेपाल सरकार र एसियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित शिक्षक शिक्षा आयोजना प्रयोगमा आएपछि प्राथामिक शिक्षक सेवाकालिन र पूर्वसेवाकालिन तालिम पाठ्यक्रम निर्माण गरिएको छ । यस पाठ्यक्रम अनुसार सेवाकालिन तालिमलाई तीन चरणमा बाँडिएको छ । आधारभुत चरण २.५ महिना, दोस्रो चरण ५ महिने र तेस्रो चरण २.५ महिना व्यवस्था गरिएको छ । पहिलो र तेस्रो चरण शैक्षिक जनशक्ति विकास केन्द्र अन्तरगतका ९ वटा शैक्षिक तालिम केन्द्र मार्फत र दोस्रो चरण (६६० घण्टे) दूरशिक्षा पद्धति अनुसार शैक्षिक जनशक्ति विकासकेन्द्रबाटै सञ्चालन गरिएको छ । यसगरी पूर्वसेवाकालिन प्राथमिक शिक्षक तालिमलाई ५/५ महिनाका दुई सेमेस्टरमा पुरा हुने गरी पाठ्यक्रमको व्यवस्था गरिएको छ (सेरीड,२००३ ) ।

शैक्षिक जनशक्ति विकास केन्द्रबाट दश महिने सेवाकालिन शिक्षक तालिम ( प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक) र १० महिने पूर्व सेवाकालिन तालिम (प्राथमिक तह) को तालिम पाठ्यक्रमहरू, तालिम निर्देशिकाहरू तथा स्रोत सामग्रीहरूको उत्पादन विकास तथा परिमार्जन हुने गर्दछ । शैक्षिक जनशक्ति विकास केन्द्रले स्थानीय तहमा तालिम कार्यक्रम सञ्चालन गर्न शिक्षा सङ्कायका क्याम्पसहरू, उच्च माध्यमिक विद्यालयहरू तथा नीजि शिक्षक तालिम केन्द्रहरूसँग समन्वय कायम गरी तालिम सञ्जाल स्थापना गरेको छ ।

पूर्व सेवाकालिन तालिम प्रदान गर्ने प्रमुख संस्थाको रूपमा विभिन्न विश्वविद्यालय तथा क्याम्पसहरूमा सञ्चालित शिक्षा शास्त्र संकायहरूले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको पाइन्छ । नेपाल सरकारको वर्तमान संगठनात्मक व्यवस्थाअनुसार सेवाकालिन र पूर्व सेवाकालिन शिक्षक तालिमको छाता संगठनका रूपमा शैक्षिक जनशक्ति विकास केन्द्र रहेको छ । यसले १० महिने सेवाकालिन शिक्षक तालिम ( तीनवटै तहका शिक्षकका लागि) १० महिने पूर्व सेवाकालिन प्राथमिक शिक्षक तालिम, १ महिने विद्यालय व्यवस्थापन तालिम, पुनर्ताजगी तालिमहरू र मागमा आधारित तालिमहरू सञ्चालन गर्दै आएको छ (अधिकारी र पौडेल, २०६३) ।

शैक्षिक गुणस्तर विकास अभियानको केन्द्रीय भूमिकामा रहेका शिक्षकहरूको पेशागत योग्यता एवम् कार्यदक्षता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार शैक्षिक जनशक्ति विकास केन्द्रबाट विगत चार दशक जतिको योजनावद्ध प्रयासको फलस्वरूप २०६६ आश्विनभित्र सामुदायिक विद्यालयहरूको स्वीकृत दरवन्दीमा कार्यरत ९८.२% सबै तहका शिक्षकहरूलाई सेवाकालिन १० महिने तालिम प्रदान गरिसकिएको छ । शिक्षकहरूमा रहेको योग्यता एवम् क्षमतालाई समयसापेक्ष रूपमा नवीकरण, सवलीकरण एवम् अद्यावधिक गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्यार्थीहरूको उपलब्धि स्तरमा सुधार ल्याउनु अनिवार्य शर्त रहेको विश्वव्यापी मान्यतालाई ध्यानमा राखी आ.व. २०६६/०६७ देखि प्रयोगमा रहेको विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) ले शिक्षकको पेशागत विकास (TPD) तालिम सञ्चालन गरी ५ वर्ष (आ.व. २०७०/०७१) भित्र १०/१० दिनका ३ वटा मोड्यूलहरूमा सामुदायिक विद्यालयहरूमा कार्यरत सम्पूर्ण शिक्षकहरूलाई सहभागी गराई पुन : १ महिने तालिम प्रदान गर्ने कार्यक्रमलाई प्रयोगमा ल्याईएको छ, (शै.ज.वि.के., २०६६) ।

यसरी एकपटक पूरा तालिम प्राप्त गरिसकेका शिक्षकहरूले पुनः अर्को १ महिने तालिममा सहभागी हुन शुरु गरेको यस अवस्थामा आफूले पूरा तालिम प्राप्त गर्दा आर्जन गरेका ज्ञान, सीप र अनुभवहरूलाई शिक्षणमा कसरी प्रयोग गरिरहेका छन् भन्ने अवस्थालाई अध्ययन गर्नका लागि यस अध्ययनमा 'शिक्षणमा शिक्षक तालिमको प्रयोगलाई अध्ययनको मुख्य विषयवस्तु बनाइएको छ ।

## १.२ समस्याको कथन

शिक्षकहरुको पेशागत दक्षतामा अभिबृद्धि गरी बालमनोविज्ञान र सिकाइ सिद्धान्त अनुरुप प्रभावकारी शिक्षण गर्न उपयुक्त शिक्षण विधि र सामाग्रीको छनौट एवम् प्रयोग गर्न, उपयुक्त कक्षाकोठा व्यवस्थापन गरी विद्यार्थीहरुको सिकाइ उपलब्धि

वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्नकालागि हाम्रो देशमा शिक्षकहरुलाई विभिन्न किसिमका तालिमहरु प्रदान गरिदै आएको छ । तालिम प्राप्त शिक्षकहरुबाट आफूले सिकेका ज्ञान, सीप र अनुभवहरु के-कति मात्रामा के-कसरी कक्षाकोठाको शिक्षणमा प्रयोग भएका छन् भन्ने स्थितिलाई पत्ता लगाउनका लागि उल्लेखित विषयवस्तुको छनौट गरिएको छ ।

हाम्रो देशको प्राथमिक तहको शिक्षामा उल्लेख्य सरकारी लगानी रहँदा रहदै पनि सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर दिनानुदिन खस्किरहेको, विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि हुन नसकेको, प्रभावकारी कक्षा क्रियाकलाप तथा विद्यार्थी मूल्याङ्कन हुन नसकेको, विद्यार्थी सङ्ख्या घट्दो रुपमा रहेको, शिक्षकहरुवाट शिक्षणमा तालिमलाई प्रयोग नगरिएको भन्ने गुनासो दिनानुदिन बढिरहेको र यसको धेरै दोष शिक्षकहरुमा लाग्ने गरेकाले पनि उल्लेखित विषयवस्तुहरुलाई समस्यामूलक रूपमा हेरिएको छ ।

यस अध्ययनमा शिक्षकहरूले तालिमबाट प्राप्त गरेको ज्ञान, सीप र अनुभव, तिनलाई कक्षाकोठाको शिक्षणमा प्रयोग गर्न अपनाइएका क्रियाकलापहरूको मूल्याङ्कन गरिएको छ । शिक्षकहरुलाई समय समयमा विभिन्न किसिमका तालिमहरू प्रदान गरिरहनु, शैक्षिक गुणस्तरमा सुधार आउन नसक्नु तथा विद्यार्थीहरुको सिकाइउपलब्धिमा खासै बृद्धि नहुनु आदि उल्लेखित विषयवस्तुसँग सम्बन्धित समस्याहरु रहेका छन् ।

### १.३ अध्ययनको औचित्य

जुनसुकै अध्ययन/अनुसन्धानले पनि आफ्नै किसिमको विशेष महत्व बोकेको हुन्छन् । विना महत्वका कुनै पनि विषयमा गरिएको अध्ययन/अनुसन्धानको कुनै औचित्य रहँदैन । हाम्रा सामुदायिक विद्यालयहरूका विभिन्न किसिमका तालिम

लिएका शिक्षकहरूका शिक्षणसँग सम्बन्धित यस अध्ययनको औचित्यलाई निम्नानुसार उल्लेख गरिएको छ ।

शिक्षकहरुमा तालिमबाट प्राप्त ज्ञान र सीपको प्रभावकारीता लेखाजोखा गरी यससँग सम्बन्धित वा चासो राख्ने व्यक्ति, संघ, संस्था, नीति निर्माताहरूलाई आवश्यक सूचना प्राप्त गर्न सहयोग पुग्नु । शिक्षकहरुलाई तालिम प्रदान गरिरहेका विभिन्न निकायहरुलाई शिक्षक तालिमको प्रभावकारिताको अध्ययन गरी तालिमको थप योजना निर्माण गर्न, कार्यान्यवयन गर्न तथा आवश्यक परिमार्जन र सुधारका लागि सूचनाहरु प्राप्त हुनु ।

विद्यालयमा अध्यापनरत तालिम प्राप्त शिक्षकहरूले प्राप्त गरेको तालिमको प्रभावकारिता सम्बन्धि आवश्यक जानकारी प्राप्त गर्न चाहने व्यक्ति तथा संघ संस्थालाई सूचना प्राप्त हुनु । गुणस्तरीय शिक्षाका सम्बन्धमा छलफल एवम् बहस सञ्चालन गर्ने शिक्षा क्षेत्रमा संलग्न व्यक्तिहरू/पक्षहरुका लागि आधार पत्रको रूपमा सहयोग पुग्नु ।तालिम प्राप्त शिक्षकहरुलाई तालिम प्रयोग सम्वन्धि देखापरेका समस्याहरु पहिचान भई समस्या समाधानका उपायहरु प्रस्तुत गरिने हुँदा शिक्षक तालिमलाई प्रभावकारी वनाउन मद्दत पुग्नु ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य शिक्षणमा शिक्षक तालिमको प्रयोगको स्थितिको लेखाजोखा गर्नु रहेको छ । अध्ययनका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१) शिक्षक तालिमको विद्यालयमा प्रयोगको अवस्था पत्ता लगाउनु ।

२) विद्यालयमा तालिमको सीप प्रयोग गर्दा प्रभावपार्ने तत्वहरु खोजी गर्नु ।

३) तालिमको प्रयोगमा देखिएका समस्याहरुको पहिचान गर्नु ।

४) शिक्षक तालिमलाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धान प्रश्नहरु

यस अध्ययनलाई अर्थपूर्ण एवम् उद्देश्यमूलक बनाई सम्पन्न गर्नका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु समावेश गरिएको छ ।

१) तालिमप्राप्त शिक्षक र तालिमअप्राप्त शिक्षकको संख्या कति छ ?

२) हालसम्म शिक्षकहरु तालिम अप्राप्त हुनका कारणहरु के-के हुन् ?

३) तालिमप्राप्त शिक्षकहरुले कुन-कुन तालिम लिएका छन् ?

४) तालिमप्राप्त मध्ये कति शिक्षकले तालिममा सिकेका ज्ञान, सीप र अनुभवलाई कक्षाकोठामा प्रयोग गरेका छन् ?

५) तालिमप्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकहरुको शिक्षणमा के भिन्नता छ ?

६) तालिमप्राप्त शिक्षकहरुलाई तालिममा सिकेका ज्ञान,सीप, र अनुभवलाई कक्षाकोठामा प्रयोग गर्न आइपरेका कठिनाईहरु के-के छन् ?

७) तालिमप्राप्त शिक्षकहरुलाई तालिममा सिकेका ज्ञान, सीप,र अनुभवलाई कक्षाकोठामा प्रयोग गर्न के-कस्तो सहयोगको आवश्यकता रहेको छ ?

## १.६ अध्ययनको परिसीमा

हरेक अध्ययन अनुसन्धानकालागि आ-आफनै खालका सीमाहरु रहेका हुन्छन् । यो अध्ययन **शिक्षणमा शिक्षक तालिमको प्रयोग** विषयमा आधारित रहेको छ । यस अध्ययन क्षेत्रको व्यापकता रहेको भएतापनि उपलब्ध सीमित स्रोत साधन, समय र आर्थिक पक्षलाई समेत ध्यानमा राखी अध्ययनको सीमाङ्कन गरिएको छ । विद्यार्थीको सिकाइ उपलबिधमा शिक्षणमा शिक्षक तालिमको प्रयोगकोके स्थान हुन्छ भने विषयमा अध्ययन केन्द्रित रहेको छ । विद्यालयतहमा वालवालिकाको सिकाइ शिक्षकको, त्यसले पारेका सकारत्मक नकारात्मक प्रभाव विद्यार्थी , शिक्षक विद्यालय विभिन्न सरोकारित पक्षहरुलाई जानकारी गराइएको छ ।

उपलब्ध साधन, स्रोत र समयको सीमिततालाई ध्यानमा राखी निम्न परिसीमा भित्र रही यस अध्ययनलाई अघि बढाईएको छ ।

यो अध्ययन सिरहा जिल्लाको श्री च.उ.मा.वि सिरहा स्रोतकेन्द्र अन्तरगतका सामुदायिक विद्यालयहरुमा मात्र सीमित रहेको छ । यो अध्ययन प्राथमिक तह ( कक्षा १-५) मा अध्यापन गर्ने तालिम प्राप्त शिक्षकहरुमा मात्र सीमित रहेको छ । यो अध्ययन सिरहा जिल्लाको श्री च.उ.मा.वि सिरहा स्रोतकेन्द्र अन्तरगतका सामुदायिक विद्यालयहरूको कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुमा सीमित रहेको छ । यो अध्ययन तालिम प्राप्त शिक्षकहरुले तालिममा प्राप्त गरेको ज्ञान, सीप र अनुभवलाई कसरी प्रयोग गरिरहेका छन् भन्ने कुराको मूल्याङ्कनमा केन्द्रीत रहेको छ । अध्ययनबाट प्राप्त निष्कर्षलाई सीमित मात्रामा सामान्यीकरण गर्न सकिएको छ ।

# परिच्छेद दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अधिकांश अध्ययनहरुले प्राथमिक शिक्षकको तालिमको प्रभावकारितालाई विद्यार्थी उपलब्धिसँग दाँजेको तर शिक्षकको कक्षाकोठा व्यवस्थापन पक्षलाई वस्तुगत ढङ्गले नहेरेको हुनाले यस शोध कार्यसँग प्रत्यक्ष सम्बन्धित साहित्य कमै छन् । तथापि अध्ययनको सन्दर्भमा उपयोगी हुने र यस अध्ययनलाई थप सहयोग गर्ने केही साहित्यहरु र त्यसका निष्कर्षहरुले समेत यस अध्ययनलाई मार्गदर्शन पुग्ने हुँदा केही अध्ययनहरुको पुनरावलोकन गरिएको छ ।

कुनै पनि पेशा सफल पार्नका लागि व्यक्ति स्वयम् निपूण हुनु पर्दछ । त्यस्तै शिक्षण पेशालाई सफलतापूर्वक कार्यान्वयन गर्ने गराउने काम शिक्षकको हो । स्टिनेटको विचारमा “शिक्षण एउटा पेशा हो जुन विशिष्ट अध्ययन र तालिममा आधारित हुन्छ । जसको उद्देश्य सीपयुक्त सेवा प्रदान गर्नु र निश्चित शुल्क र वेतनको आधारमा अरुलाई सल्लाह दिनु हो ।” प्रभावकारी शिक्षणको लागि उपयुक्त वातावरण एवम् कक्षाकोठाको व्यवस्थापन धेरै महत्वपूर्ण हुन्छ । असल शिक्षकमा प्रभावकारी शिक्षण गर्न विभिन्न गुणहरुको आवश्यकता पर्दछ । शिक्षण कार्य मानवीय व्यवहारसँग प्रत्यक्ष अन्तरक्रिया हो । शिक्षणका विभिन्न नयाँ नयाँ प्रविधिहरुको विकासलाई ग्रहण गरी विद्यार्थीहरु समक्ष पुऱ्याउन शिक्षण पेशासँग आबद्ध व्यक्तिहरु अनुशासित, मर्यादित र योग्य हुनका लागि तालिमको आवश्यकता पर्दछ, (शर्मा एण्ड शर्मा, २०६०) ।

साहित्यको पुनरावलोकनले अध्ययन/अनुसन्धानको लागि आधार प्रदान गर्ने तथा विषयलाई स्पष्टता पार्ने हुनाले अध्ययन/अनुसन्धान सम्पन्न गर्ने क्रममा यसलाई एउटा महत्वपूर्ण पक्षको रूपमा लिइन्छ । शिक्षा मन्त्रालय अन्तरगतको

जनशक्ति विकासका निमित्त शिक्षकको शिक्षा शिक्षण सीप एवम् शैक्षणिक वातावरण निर्धारण गरी गुणस्तरीय शिक्षा प्रदान गर्न विभिन्न सीपहरूको प्रवर्द्धन एवम् सम्वर्द्धन गर्नका लागि शिक्षा मन्त्रालयले तालिम नीति निर्माण गरेको छ । उक्त नीतिमा शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धि सँगसँगै प्राथमिक तहका शिक्षकको हकमा विद्यमान आवश्यक न्यूनतम योग्यताको तह बढाइने, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक शिक्षकका लागि तोकिएको शैक्षिक योग्यता अतिरिक्त पूर्वसेवाकालिन तालिमको रूपमा १० महिने शिक्षक तयारी कोर्ष लिनुपर्ने व्यवस्था अनिवार्य गरिने, विद्यालय प्रणालीमा शिक्षण पेशाका लागि अध्यापन अनुमति पत्रलाई एक पूर्व शर्त बनाइने साथै अनुमति पत्रको नविकरण गर्ने व्यवस्था पनि गरिने, स्थानीय स्वायत्त शासन ऐन र शिक्षा ऐनको भावना अनुकूल शिक्षक छनौट प्रक्रियालाई क्रमिक रूपमा स्थानीयकरण गरिने जस्ता नीतिगत प्रावधानहरु राखिएको छ ।

विद्यालय प्रणालीमा सेवारत तालिम प्राप्त नगरेका सबै शिक्षकहरूलाई यथासक्य छोटो १० महिने तालिम दिइने, विद्यालय शिक्षाका सबै तहमा शिक्षक विकास व्यवस्थालाई सुदृढीकरण गर्ने उद्देश्यले तालिम, अनुमति पत्र र पेशागत विकास प्रक्रियालाई एक अर्कामा आवद्ध गरिने, अल्पकालिन तालिम, पुनर्ताजगी तालिमलाई प्रमाणिकरण तालिम कार्यक्रमको एक अङ्गको रूपमा गणना गरिने, सेवाकालिन र सेवा प्रवेश शिक्षक तालिमका लागि प्रभावकारी तालिम पाठ्यक्रम र सामग्रीको विकास गरी प्रयोग गरिने,.सुयोग्य, तालिमप्राप्त र प्रतिवद्ध प्रशिक्षकहरू मार्फत शिक्षक तालिम उपलब्ध गराइने, अनुकूल सिकाइ वातावरणको उपलब्धताका लागि तालिम सुविधाहरूको सुनिश्चितता गरिने तथा यस्ता सुविधाहरू सुधार गरी स्तर बृद्धि गरिने, सबै तह र संस्थाहरूमा तालिम व्यवस्थापनको दक्षतामा सुधार गर्न उपयुक्त उपाय र प्रयत्नहरू अवलम्वन गरिने, अनुगमन र तालिम उत्तरार्ध सहयोग योजनालाई तालिमको गुणस्तर सुनिश्चित गर्ने उपायको रूपमा प्रयोग गरिने, तालिमको निरन्तर

सुधार गर्नका लागि शैक्षिक जनशक्ति विकास केन्द्र र यसका विभिन्न तहका संस्थाहरूले अनुसन्धान, मूल्याङ्कन र अनुगमन सम्बन्धी काम गर्ने, तालिम संस्था, विद्यालय र शिक्षकहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्न कार्यसम्पादन सूचनाहरूको विकास एवम् प्रयोग गरिने, तालिममा प्रशिक्षार्थीले हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्न निरन्तर मूल्याङ्कन प्रणालीको विकास गरिने जस्ता महत्वपूर्ण नीतिगत प्रावधानहरू प्रस्तुत गरिएकोले उक्त नीतिबाट यस अध्ययनको सैद्धान्तिक आधार स्पष्ट बनाउन आवश्यक मद्धत पुग्नेछ, (तालिम नीति २०६३) ।

विद्यालय निरीक्षक प्रश्नोत्तर रुपमा शिक्षाशास्त्र र नेपालमा शिक्षामा उल्लेख गरे अनुसार शिक्षा प्रणालीमा आएको अन्वेषण र तालिमले शिक्षण सिकाइका क्षेत्रमा शिक्षक तालिम पाठ्यक्रम निर्माण प्रक्रिया, परीक्षा र मूल्याङ्कन प्रविधि आदिमा नवप्रवर्तनको प्रादुर्भाव भएको छ । खासगरी शिक्षणमा शिक्षण विधि र तारिका, शिक्षकको शिक्षण गर्ने कौशलतामा परिवर्तन गराई प्रभावकारी ढङ्गले शिक्षण गर्न सक्षम बनाउन प्रतिपादन गरिएका नयाँ विचार, सोचाई ल्याउनुलाई नवप्रवर्तन वा अन्वेषण र तालिम भनिन्छ, सिंह, (२०६४) ।

माध्यमिक शिक्षक दिग्दर्शनमा उल्लेख गरे अनुसार सिकाइ भनेको विभिन्न तारिकाबाट अनुभव प्राप्त गरी व्यवहारमा परिवर्तन गर्नु र तालिमको व्यवहारबाट खास उमेर समूहमा गर्ने व्यवहारमा कुशलता प्रदान गर्नुका साथै अप्रशिक्षित वा तालिम नलिएको भन्दा बढी र राम्रो व्यवहार प्रदर्शन गर्नु हो । यसरी सिकाइ भनेको अनुभव एवम् तालिमको माध्यमबाट आउने व्यवहारको परिमार्जन हो । तालिम लिएपछि मानव व्यवहारमा निश्चित रूपमा व्यवहार परिवर्तन र परिमार्जन हुने भएकाले यसबाट थप सिकाइ हुन्छ, अधिकारी (२०५८) ।

इ. टि. सी. न्यूजलेटरमा उल्लेखगरे अनुसार शिक्षक तालिममा प्रशस्तै लगानी गरिएको छ र धेरै शिक्षकहरूले तालिमको अवसर पनि पाएका छन् ।

संख्यात्मक रूपमा तालिम प्राप्त शिक्षकहरूको संख्या धेरै बढे तापनि तालिम प्राप्त शिक्षकको तुलनामा विद्यार्थीको सिकाइ उपलब्धि र गुणस्तरीयतामा सुधार आएको देखिदैन । यस तथ्यले शिक्षकहरूले तालिममा सिकेका सीपहरू कक्षाकोठामा स्थानान्तरण गर्न नसकेको सजिलै देख्न सकिन्छ, घिमिरे (२०६२)।

प्राथमिक शिक्षक तालिमबाट प्राप्त ज्ञान र सीपको शिक्षणमा प्रयोग शोधपत्रमा उल्लेख गरे अनुसार तालिममा प्रदान गरिएका ज्ञान र सीपको सबै शिक्षकहरुबाट पूर्ण रुपमा कक्षाकोठामा प्रयोग नभएको, पुरानै तरीकाबाट शिक्षण गरिएको साथै शिक्षण गर्दा शिक्षणको तयारी, विषयवस्तुको प्रस्तुती, शैक्षणिक सामग्रीको प्रयोग तथा शिक्षणसिकाइ क्रियाकलाप धेरै शिक्षकहरुको प्रभावकारी नभएको अर्थात न्यून रहेको पाइयो, गौतम (२०६७) ।

शिक्षक तालिमको शिक्षणमा प्रयोग शोधपत्रमा उल्लेख गरे अनुसार तालिमबाट प्राप्त ज्ञान र सीप अपेक्षाकृत कम मात्रामा प्रयोग भएको, तालिम अनुरुप व्यवहारको प्रयोग पक्ष सन्तोषजनक स्थितिमा नरहेको, तालिम अनुरुप प्रदान गरिएको ज्ञान, सीप र अनुभव अझै पनि पूर्ण रुपमा व्यवहारमा लागू हुन नसकेको देखिन्छ, चौहान (२०६८)।

शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधारमा उल्लेख गरे अनुसार शिक्षणलाई प्रभावपूर्ण शिक्षण गर्न सक्षम बनाउन, नवीनतम प्रविधिको ज्ञान दिन, विद्यार्थीको मनोविज्ञान बुझेर उपयुक्त शिक्षण नमूनाको प्रयोग गर्दै शिक्षण कार्य गर्न तथा एक पटक सिकेको ज्ञान, सीप र अभिवृद्धिलाई पुनर्जीवित र परिमार्जित गर्नका लागि तालिमको आवश्यकता पर्दछ, (शर्मा, २०६८) ।

तालिमबाट प्राप्त ज्ञान, सीपको शिक्षणमा प्रयोगमा उल्लेख गरेअनुसार कक्षाकोठामा तालिमबाट प्राप्त सीपको प्रभावकारी उपयोग हुन नसक्नुमा शिक्षक वा प्रधानाध्यापक मात्र दोषी छैनन् । यसमा सम्पूर्ण निकाय जसले

तालिमको आयोजना गर्छ र जो तालिम लिन वा परिवर्तनका लागि तत्पर हुन्छ, यी दुबै पक्ष संवेदनशील हुन जरुरी छ , (भण्डारी, २०६७) ।

शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधारमा उधृत वर्ल्ड कन्फेडेरेशन अफ अर्गनाईजेशन अफ टिचिङ प्रोफेशनले शिक्षण पेशालाई अन्य पेशा सरह मान्न पेशा प्रवेशको न्यूनतम योग्यता, सदस्यहरूको अनुशासन, वाह्य हस्तक्षेप, नियन्त्रण र स्वतन्त्रता एवम् सदस्यहरूको आर्थिक र सामाजिक मान्यता बढाउने प्रयास, बौद्धिक क्षमता, विशिष्ठ तालिम र कार्यप्रतिको लगावमा जोड दिनुपर्ने कुरा उल्लेख गरिएको छ, (शर्मा एण्ड शर्मा, २०६७) ।

नेपालमा प्राथमिक शिक्षक तालिम अध्ययनको प्रभावकारीता' विषयमा गरिएको अध्ययनमा शिक्षणका लागि पाठको तयारी, विषयवस्तुको प्रस्तुती, शिक्षण विधिको प्रयोग, शैक्षणिक सामग्रीको छनौट र प्रयोग, कक्षाकोठामा शैक्षणिक अभ्यासहरू, विद्यार्थी मूल्याङ्कनको लेखाजोखा, शिक्षकहरूको कक्षाकोठा नियन्त्रण, समय व्यवस्थापन, पाठको निष्कर्ष जस्ता विषयहरूमा अध्ययन गरिएको थियो । यस अध्ययनले प्राथमिक शिक्षक तालिमको प्रभावकारीतको निष्कर्ष निम्नानुसार उल्लेख गरेको पाइन्छ, (शै.ज.वि.के. २०६३) ।

ज्यादै थोरै शिक्षकले मात्र पाठ र यसका उद्देश्यहरूको पुनरावलोकन राम्रोसँग गर्ने गरेको, आधाजसो शिक्षकले सन्तोषजनक रूपमा कार्य गरेको र अधिकांश शिक्षकले पाठको अन्त्यमा गृहकार्य प्रदान गर्ने गरेको, पाठयोजनाको तयारी करिब आधा शिक्षकले मात्र गरेको र ज्यादै थोरै शिक्षकले पाठको लागि शैक्षणिक सामग्रीको तयारी, कक्षामा उपलब्ध शैक्षिक सुविधाहरूको आधारमा कक्षाकोठा व्यवस्थापन गर्ने गरेको, कक्षामा आधा भन्दा कम शिक्षकले मात्र विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्ने गरेको साथै आधा शिक्षकहरूले मात्र साधारण भाषा, स्पष्ट र बुभ्नसकिने खालको भाषा शैलीको प्रयोग गर्ने गरेको, आधा भन्दा बढी तालिमप्राप्त शिक्षकमात्र पाठका निर्धारित उद्देश्यहरू र समय

सीमाप्रति सचेत रहेको, थोरै शिक्षकले मात्र जीवन्त रूपमा कक्षालाई राम्रो बनाउन सकेको र आधा शिक्षकले सन्तोषजनक रूपमा कक्षा नियन्त्रण गरेको, आधा तालिमप्राप्त शिक्षकले मात्र विद्यार्थीहरूलाई उनीहरूको राम्रो उपलब्धिका लागि हौसला प्रदान गर्ने गरेको तथा ज्यादै कम तालिमप्राप्त शिक्षकहरूले कक्षाकोठामा विद्यार्थीहरूको दक्षता सफलतापूर्वक मूल्याङ्कन गर्ने गरेको, विद्यार्थीहरूको तह, सिकाइ क्षमता र रुचीको आधारमा आधा भन्दा कम तालिमप्राप्त शिक्षकले मात्र सही विषयवस्तुको छनौट, संगठन र प्रस्तुती गर्ने गरेको, कक्षाकोठाको अभ्यास कायम गराएको र ज्यादै कम तालिमप्राप्त शिक्षकले मात्र शैक्षणिक सामग्रीको क्रमवद्ध रूपमा प्रस्तुत गरी विद्यार्थीहरूमा स्पष्ट अवधारणाको विकास गर्ने गरेको पाइयो ।

कक्षाकोठामा तालिम सीपहरूको स्थानन्तरण सम्बन्धमा गरिएको अध्ययनमा विशेषगरी वार्षिक योजना र दैनिक समय तालिका, कक्षा संगठन, शैक्षणिक सामग्रीहरू, उपयुक्त कक्षाकोठाको वातावरण, कालोपाटीको प्रयोग सम्बन्धमा अध्ययन गरिएको थियो । यस अध्ययनमा कास्की जिल्लाका विद्यालयहरूमा मात्र दैनिक पाठयोजना निर्माणका लागि 'डायरी' प्रदान गरेको पाइयो । कक्षाकोठा व्यवस्थापनका समबन्धमा U आकृति, V आकृति, अर्धवृत्ताकार, वृत्ताकार तथा खाली ठाउँको व्यवस्थापनका सम्बन्धमा तालिम प्रदान गरिएको भए तापनि कक्षाकोठामा अधिक विद्यार्थी चाप र साँघुरो कक्षाकोठा भएको कारणले छुट्टाछुट्टै लहर बाहेक अन्य व्यवस्थापन नभएको पाइयो । शैक्षिक सामग्रीको सम्बन्धमा २०% विद्यालयहरूले मात्र शब्दपत्ती प्रयोग गरेको पाइयो भने कक्षाकोठा व्यवस्थापन गर्दा ५०% विद्यालयहरूमा मात्र उपस्थिति बोर्ड झुण्ड्याइएको पाउनुका साथै कालोपाटी केवल विषय र पाठशीर्षक लेख्न मात्र धेरैले प्रयोग गर्ने गरेको पाइयो, (सेरीड २००३) ।

तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलनात्मक अध्ययनमा तालिमप्राप्त र अप्राप्त शिक्षकहरूको शैक्षिक योग्यता, तालिमबाट पाएको अनुभव, कक्षामा उनीहरूको व्यवहार, प्रवृत्ति र शैक्षिक क्रियाकलापका विभिन्न पक्षहरूलाई समेटेर देशका विभिन्न १२ वटा जिल्लाहरूमा आधारित भई गरिएको तुलनात्मक अध्ययनको निष्कर्षमा विद्यालयको कक्षाकोठामा शिक्षण गर्ने क्रममा तथा विद्यालयको सम्पूर्ण क्रियाकलापमा तालिम अप्राप्त शिक्षकहरूभन्दा तालिम प्राप्त शिक्षकहरू नै बढी सकारात्मक देखिएका छन्, (सेरीड २००२) ।

तालिमको प्रभावकारिताका लागि क्षेत्रीय कार्यशालाहरूको प्रतिवेदन' मा शिक्षक तालिम सञ्चालन र तालिममा सिकेका कुराहरूको कक्षाकोठामा प्रयोगको वर्तमान अवस्था सन्दर्भमा तालिममा सिकेका कुराहरू अपेक्षित मात्रामा कक्षा कोठामा प्रयोग नभएको भन्ने सरोकारवालाहरूको गुनासो रहेको, तालिम सम्बन्धी नीतिमा छिटोछिटो परिवर्तन हुने गरेको, तालिम पुरागर्ने शिक्षकहरूको संख्या बढेको, केही दुर्गम जिल्लाहरूमा प्रशिक्षक प्रशिक्षण नलिएका व्यक्तिहरूद्वारा समेत तालिम सञ्चालन हुने गरेको अनुदान कोटा र नीजि स्रोतका शिक्षकहरूलाई पनि छोटो अवधिको तालिमको व्यवस्था गरिएको, केही शिक्षकलाई तालिमबाट प्राप्त गरेको सीपलाई कक्षाकोठामा प्रयोग गर्ने प्रतिवद्धता पत्रमा सहीछाप गराएर विद्यालय पठाउने गरिएको र तालिम सञ्चालन पश्चात पेशागत सहायताका लागि अनुगमनको व्यवस्था रहेको उल्लेख गरिएको छ, (शै.ज.वि.के.(२०६५) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनलाई तथ्यपरक बनाउन र सैद्धान्तिक समर्थन जुटाउनका लागि मुख्य रूपमा प्याभलवको व्यवहारवादी सिद्धान्त र भिगोत्स्कीको निर्माणवाद सिद्धान्तमा आधारित बनाइनेछ ।

बीसौ शताब्दी भन्दा पहिले सिकाइमा तर्क र परिकल्पनाको मुख्य भूमिका रहने कुरामा जोड दिइएको भए तापनि सिकाइमा आधुनिक व्यवहारवादी सिद्धान्तहरूको प्रचुरता बढ्दै गएपछि सिकाइलाई अभ्यास वा तालिमसँग जोडेर हेरेको पाइन्छ । प्याभलव (१८४९-१९३६) ले आफ्नो प्रमुख सिद्धान्त शास्त्रीय प्रत्यावर्तनको सिद्धान्तमा मानव सिकाइमा तालिमले सकारात्मक प्रभाव पार्दछ भन्ने अवधारणा उल्लेख गरेका छन् । पुनर्वल, उत्प्रेरणा, आशा तथा बाधक जस्ता तत्वहरूले सिकाइलाई प्रभाव पार्ने कुरा उक्त सिद्धान्तमा उल्लेख गरिएको छ । यो सिद्धान्त प्याभलवको जनावरमाथि गरिएको प्रयोगबाट प्रतिपादित भए तापनि मानव सिकाइसँग सम्बन्धित रहेको पाइन्छ अर्थात यो सिद्धान्त मानव सिकाइको व्यवहार परिवर्तनसँग मिल्दो छ । यस सिद्धान्तमा तालिम लिनु वा दिनुलाई सिकाइको अनिवार्य शर्तको रूपमा लिएको छ । कुकुर, बिरालो, जस्ता घरमा पालिने जनावर लगायत विभिन्न नाटक, सिनेमा आदिमा प्रयोग गरिने जनावरलाई आवश्यक तथा अपेक्षित कार्य गराउन यो सिद्धान्तको प्रयोग गरिन्छ । जनावरका लागि मात्र तालिम नभई मानिसका व्यवहारमा अपेक्षित परिवर्तन ल्याउन यो सिद्धान्त प्रयोग गरिएको हुनाले पनि यस अध्ययनमा यस सिद्धान्तलाई सम्बन्धित गरिएकोछ, (शर्मा एण्ड शर्मा, २०६८) ।

व्यवहारहरूको निर्माण गर्ने एउटा राम्रो माध्यमको रूपमा तालिमलाई मानिन्छ । रेसिप्रोकल टिचिङ निर्माणबाद सिकाइ सिद्धान्तको सबैभन्दा राम्रो प्रयोग हो । सामाजिक परिवेश र सहभागितामूलक सिकाइलाई यस सिकाइको आधारको रूपमा लिइन्छ । सिकाइमा शिक्षक र विद्यार्थीको संयुक्त प्रयास हुन्छ । शिक्षक वा जान्ने साथीले सिकाइलाई सिकारुको 'जोन अफ प्रोक्सिमोल डेभलभमेण्ट' का आधारमा संगठित गरी संरचना निर्माण गर्दछ । यस सिकाइ सिद्धान्तबाट सिकारुलाई नयाँ अवधारणा निर्माण गर्न सहयोग मिल्दछ । यस सिद्धान्तले सिकाइलाई समस्या समाधानमा संयुक्त प्रयास, विषयगत वा विधागत प्रयोग, शैक्षणिक प्रविधिमा प्रयोग, नयाँ ज्ञानको निर्माण, लक्ष्यपूर्ण र सम्बन्धित हुनुपर्दछ भनी उल्लेख गरेको

पाइन्छ, (शर्मा एण्ड शर्मा, २०६८) । यसरी निर्माणवाद सिद्धान्त मार्फत भिगोत्स्कीले पनि तालिमलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोड दिएको पाइने हुनाले यस अध्ययनमा यस सिद्धान्तलाई सम्बन्धित गरिएको छ ।

### २.३ पनरावलोकनको उपादेयता

माथि उल्लेख गरिएको सम्पूर्ण साहित्यहरुको अध्ययन र पुनरावलोकनबाट विशेष गरी के देखिन्छ भने शिक्षणमा शिक्षक तालिमको प्रयोग एवम् शिक्षण वारे तापनि तालिमबाट सिकेका कुराहरु कार्यान्वयन पक्षमा उतार्न नसकेको, तालिमका सीपहरु केवल तालिम कार्यशालामा मात्र सीमित रहेको, तालिम पछाडि कार्यान्वयन अवस्था वारे अनुगमन निरीक्षण नगर्नुले जे जसरी पठनपाठन गर्दा पनि हुने परिपाटीले शिक्षकहरुमा तालिममा सिकेका कुराहरु कक्षाकोठामा प्रयोग गर्नुपर्ने बाध्यता नरहेको समेत थाहा हुन्छ । यी अध्ययनहरुले शिक्षक तालिममा सिकेका ज्ञान र सीप कक्षाकोठामा प्रयोग हुनु पर्ने र त्यसको सफल कार्यान्वयन भए नभएको निरन्तर मूल्यांकन गर्नुपर्ने पक्षमा जोड दिइएको छ ।

शिक्षक तालिमबारे केही विवेचना विकासको निम्ति शिक्षा भन्ने शीर्षकको लेखमा शिक्षामा गरिने लगानीको उपलब्धिमूलक प्रतिफल गुणस्तरयुक्त सिकाइ उपलब्धिबाट मात्र पुष्टि हुन्छ । परम्परागत शैलीमा परिवर्तन ल्याई तालिममा सिकेका ज्ञान सीपहरुको प्रभावकारी कार्यान्वयन नभए तालिमको प्रभावकारिताको महत्व नरहने भन्ने आधार यस लेखबाट पाइएको हुँदा यस अध्ययनलाई अगाडि बढाउन लामिछानेको लेख उपयोगी हुने देखिन्छ, (लामिछाने, २०६०) ।

लेखले शिक्षामा गरेको प्रशस्त लगानीको सन्तोषप्रद परिणाम पाउनको लागि विद्यालय क्षेत्रमा अनुकूल वातावरणको सृजना गरी तालिमबाट प्राप्त सीपहरुको कक्षाकोठा व्यवस्थापन एवम् शिक्षण सिकाइ क्रियाकलापमा पूर्ण रुपमा सदुपयोग नभएसम्म सम्भव देखिदैन । वर्तमान अवस्थामा तालिम प्राप्त

शिक्षकहरुको शिक्षण क्रियाकलाप हेर्दा प्रभावकारी शिक्षणका लागि कक्षाकोठाको व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण देखिन्छ । शिक्षकहरुले तालिमबाट प्राप्त गरेको सीप र कक्षाकोठाको व्यवस्थापनको अवस्थालाई सम्बन्धित गराउन नसकिएको त छैन भनी अध्ययन कार्यलाई अगाडि बढाउन सहयोग पुग्ने देखिन्छ, (विष्ट २०५९) ।

अध्ययन अनुसार शिक्षणमा शिक्षक तालिमको प्रयोग तालिमबाट प्राप्त गरेका कक्षा व्यवस्थापन एवम् शिक्षणका लागि पूर्ण तयारी, शिक्षण सिकाइ क्रियाकलाप, मूल्यांकन र गृहकार्य सम्बन्धी ज्ञान र सीपलाई वास्तविक शिक्षण व्यवहारमा लागु गर्दा आईपर्ने समस्याहरु समय-समयमा पहिचान गरी निदानका लागि उचित निकास खोजिनुपर्ने सुझाव दिए अनुसार हालको परिवेशअनुसार तालिमका सीपहरु, कक्षाकोठाको व्यवस्थापन गर्नमा प्रभावकारिताको अवस्था अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाउन यो अध्ययन उपयोगी हुने देखिन्छ, (अधिकारी, २०६५) ।

त्यस्तै एफ.डब्लु. टेलरको वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार उत्पादकत्व बढाउन कामदारको कार्य दक्षता अभिवृद्धि गर्नुपर्ने कुरामा जोड दिएकाले कक्षाकोठाको व्यवस्थापनका लागि शिक्षकहरु तालिम प्राप्त हुनु पर्दछ र तालिममा सिकेका ज्ञान एवम् सीपहरुको प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्छ । परम्परागत कार्यशैलीलाई परिवर्तन गरी नयाँ तरीका अपनाउन तालिम नलिएका शिक्षकलाई तालिम प्रदान गरी कक्षाकोठा व्यवस्थापनमा उपयुक्त तरीकाहरु प्रयोग गर्न सकियो भने कार्यशैलीमा प्रभावकारिता आई नयाँ रुप लिन पुग्दछ । यस सिद्धान्तले कामदार छनौट वैज्ञानिक ढंगले गर्ने र त्यसपछि तालिम दिँदै दक्षता अभिवृद्धि गर्न सकिन्छ त्यस्तै बढी काम गर्नेलाई बढी ज्याला दिनुपर्छ भन्ने मान्यता जस्तै शिक्षकहरुमा पनि कक्षाकोठा राम्रो तवरबाट उपयुक्त तरीकाहरु प्रयोग गर्दै कक्षाकोठा व्यवस्थापन एवम् प्रभावकारी शिक्षण सिकाइ कार्य गरेमा त्यस्ता शिक्षकलाई उचित सम्मान गर्नु

पर्दछ भन्ने आधारहरु वैज्ञानिक व्यवस्थापन सिद्धान्तबाट प्राप्त हुने हुँदा यस अध्ययनका लागि यो सिद्धान्त उपयोगी छ ।

मन्टेश्वरी (सन् १९४२) को सिद्धान्त अनुसार स्व-शिक्षा आर्जन गर्नका लागि उपयुक्त वातावरणको आवश्यकता पर्ने भएकोले कक्षाकोठाको व्यवस्थापन व्यवस्थित ढंगले गर्नमा तालिम प्राप्त दक्ष शिक्षकको भूमिका महत्वपूर्ण रहन्छ । विद्यालय अर्थात् कक्षाकोठा विद्यार्थीहरुको लागि ज्ञान आर्जन गर्ने घर हो । यसरी घरको व्यवस्थापन वा कक्षाकोठाको प्रभावकारी व्यवस्थापन गर्नाले वालवालिकाहरुलाई सिक्न सक्ने उपयुक्त वातावरण प्राप्त भै शिक्षण सिकाइ प्रभावकारी ढंगले सञ्चालन हुन्छ भन्ने कुरालाई विशेष जोड दिइएकोले यस अध्ययनका लागि यो सिद्धान्त उपयोगी छ ।

वना सिद्धान्तमा आधारित भएर कुनै पनि अध्ययन सम्पन्न गर्न सकिदैन अर्थात कुनै पनि अध्ययन/अनुसन्धान कुनै न कुनै सिद्धान्तमा आधारित भएको हुनुपर्दछ । सम्पन्न गरिएको अध्ययन/अनुसन्धान विषयवस्तुको कति गहिराई सम्म पुगेर गरिएको छ भन्ने थाहा पाउन त्यस अध्ययनको सैद्धान्तिक खाका र पूर्व साहित्यको पुनरावलोकनलाई हेर्नुपर्ने हुन्छ । यस अध्ययनमा सम्बन्धित गरिएका २ वटा सिद्धान्तहरू र विभिन्न साहित्यहरूको पुनरावलोकनले यस अध्ययनलाई सहजरूपमा पूरा गर्न सहयोग पुग्नुको साथै शैक्षिक क्षेत्रमा कार्यरत सम्पूर्ण पक्षलाई अन्य खोज अध्ययनका लागि आधार प्रदान हुनेछ ।

हाम्रो देशमा ९८.२% शिक्षकहरू तालिम प्राप्त भएको अवस्थामा पनि कक्षाकोठाको सिकाइ क्रियाकलाप र विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार हुन नसकेको अवस्थामा प्याभलवको व्यवहारवादी सिद्धान्त र भिगोत्स्कीको निर्माणवाद सिद्धान्तलाई प्रमुख आधार मान्न सकिन्छ । आफूले लिएको तालिमलाई कक्षाकोठामा प्रयोग गर्न शिक्षकहरूमा पुनरवल, समस्या समाधानमा संयुक्त प्रयास जस्ता पक्षहरूले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

# परिच्छेद तीन
# अध्ययन विधि

अध्ययनय तथा अनुसन्धान एउटा महत्वपूर्ण एवम् जटिल वैज्ञानिक कार्य हो । नयाँ ज्ञानको खोजी गर्नु अनुसन्धानको उद्देश्य हो । यसले कुनै पनि विषयवस्तु वा समस्या, घटना, परिघटनाको बारेमा विस्तृत जानकारी दिई निष्कर्षमा पुग्न सहयोग गर्दछ । कुनै पनि विषयवस्तु वा समस्याका बारेमा अध्ययन गर्दा त्यससँग सम्बन्धित सम्पूर्ण जानकारीहरुलाई सहज र सरल तरीकाबाट सत्यतथ्य तथ्यांक प्राप्त गरी सोही आधारमा निष्कर्ष तथा सारांश निकाली उपलव्धिपूर्ण खोज अनुसन्धान बनाउनु आवश्यक हुन्छ । अनुसन्धान कार्यबाट अपेक्षित उद्देश्य पूरा गर्न निश्चित प्रक्रिया तथा तरीकाहरु अपनाइन्छ, जसलाई अध्ययन विधि भनिन्छ । निर्धारित विधि तथा प्रक्रिया एवम् तरीका विना सञ्चालन गरिएको अध्ययन अपूरो एवम् अपूर्ण अनुसन्धान हुने हुन्छ र त्यसबाट प्राप्त नतिजा पनि अर्थपूर्ण एवम् उद्देश्यमूलक नभई पूर्णतः गलत हुन जान्छ । तसर्थ अध्ययनका निम्ति विधि पूर्व निधीरत गरिनु पर्दछ । यस अध्ययनलाई सम्पन्न गर्न आवश्यक पर्ने जानकारी एवम् तथ्याङ्क संकलन गर्न विभिन्न अध्ययन विधिहरुको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान ढाँचाले अध्ययनको लागि उपयुक्त ढाँचा प्रदान गर्दछ अर्थात अनुसन्धान ढाँचाले अध्ययनको क्रममा लिइएको सूचना/तथ्याङ्क/जानकारीहरू व्यवस्थित रूपले प्रस्तुत गर्न मद्दत गर्दछ । यस अनुसन्धानको उद्देश्य प्राप्तीका लागि छनौटमा परेका जनसङ्ख्यासँग प्रश्नावली,अवलोकन फाराम,रुजुसूची, समूह छलफल निर्देशिका जस्ता साधनहरुको प्रयोगबाट प्राप्त तथ्याङ्क तथा सूचनालाई व्याख्या, विश्लेषण गरी निष्कर्षमा पुग्नलाई गुणात्मक एवम् परिमाणात्मक ढाँचामा आधारित रहेर  अनुसन्धानलाई सञ्चालन गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या तथा नमूना छनौट

यस अध्ययनका लागि सिरहा जिल्ला अन्तरगत श्री च.उ.मा.वि सिरहा स्रोतकेन्द्रभित्रका सामुदायिक विद्यालयहरु, उक्त विद्यालयहरुमा अध्ययपनरत शिक्षकहरु तथा अध्ययनरत विद्यार्थीहरुलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ नमूना छनौ ट विधि र नमुनाको आकार

यस अध्ययनमा आवश्यक पर्ने जनसङ्ख्या विद्यालय, शिक्षक तथा विद्यार्थीको नमूना छनौट गर्दा सम्भाव्य नमूना छनौट विधिको प्रयोग गरिएकोछ साथै अध्ययनको केन्द्रविन्दुमा प्राथमिक तहका शिक्षकहरुलाई राखिने हुँदा सिरहा जिल्ला स्थित श्री च.उ.मा.वि सिरहा स्रोतकेन्द्र अन्तरगतका ८ वटा प्राथमिक विद्यालयहरू तथा ती विद्यालयहरूमा अध्यापनरत १६ जना शिक्षकहरू साथै उक्त विद्यालयहरुको कक्षा ५ मा अध्ययनरत ५/५ जना विद्यार्थीहरूलाई नमूनाको रुपमा लिइएको छ ।

## ३.४ अनुसन्धानका साधनहरू

यस अनुसन्धानको उद्देश्य प्राप्तीका लागि तथ्याङ्क/सूचनाहरूको संकलन गर्न निम्नानुसारका साधनहरूको प्रयोग गरिएको छ ।

### ३.४.१ प्रश्नावली

प्राथमिक तहका शिक्षकहरूको शिक्षणमा तालिमको प्रयोगको अवस्था पहिचान गर्नका लागि सूचना संकलनको छनौटमा परेका शिक्षकहरूलाई उद्देश्य अनुरूप अन्तर्वार्ता प्रश्नावली  निर्माण गरी सूचनाहरू संकलन गरिएको छ ।

### ३.४.२ कक्षा अवलोकन फाराम र कक्षा अवलोकन रुजु सूची

यस अध्ययनमा उद्देश्य प्राप्तिका लागि छनौटमा परेका शिक्षकहरूको शिक्षण तथा व्यवस्थापनसँग सम्बन्धित सूचनाहरू संकलनका लागि अनुसन्धानकर्ता

स्वयम् कक्षाकोठामा उपस्थित भई कक्षा अवलोकन गरी कक्षा अवलोकन रुजु सूची र कक्षा अवलोकन फाराम भरी सूचनाहरू संकलन गरिएको छ ।

### ३.४.३ लक्षित समूह छलफल

अनुसन्धान कार्यलाई उद्देश्यमुखी बनाउन छनौटमा परेका शिक्षकहरूलाई विद्यालयगत रूपमा एकैठाउँमा राखी तालिमको सैद्धान्तिक पक्ष र व्यावहारीक पक्षका बारेमा छलपल गराइनुका साथै उक्त विद्यालयका तोकिएका विद्यार्थीहरू र शिक्षक बीचमा समेत छलफल सञ्चालन गरी आवश्यक सूचनाहरू संकलन गरिएको छ । सूचना संकलनका लागि प्रयोग गरिने साधनहरूलाई अनुसूचीमा उल्लेख गरिएको छ ।

## ३.५ साधनहरुको वैद्यता

यस अध्ययनमा सूचना संकलनका लागि प्रयोग गरिने साधनहरु प्रश्नावली, कक्षा अवलोकन फाराम तथा छलफलको नमूनालाई सहपाठी साथी, शिक्षक, विशेषज्ञको सरसल्लाह र सुझाव अनुसार सुधार गर्नुका साथै शोध निर्देशकको राय तथा सुझाव अनुसार अन्तिम रुप दिइएको छ ।

## ३.६ तथ्याङ्कका स्रोत

यस अध्ययनलाई उद्देश्यमूलक बनाउनका लागि अनुसन्धानकर्ताबाट तथ्याङ्क संकलनमा निम्नानुसारका दुई प्रकारका तथ्याङ्कका स्रोतहरुको प्रयोग गरिएको छ ।

### ३.६.१ तथ्याङ्कको प्राथमिक स्रोत

अनुसन्धानकर्ताले तथ्याङ्क संकलनका क्रममा शिक्षकहरूसँग प्रत्यक्ष रूपमा भेटघाट गरी गरिएको अन्तर्वार्ता तथा छलफलबाट प्राप्त तथ्याङ्कलाई तथ्याङ्कको प्राथमिक स्रोतको रूपमा लिइएको छ ।

### ३.६.२ तथ्याङ्कको माध्यमिक स्रोत

अनुसन्धानकर्ताले तथ्याङ्क संकलनका क्रममा प्रयोग गरिएको कक्षा अवलोकन फाराम तथा छलफलको क्रममा विद्यार्थीहरूबाट प्राप्त जवाफहरूलाई तथ्याङ्कको माध्यमिक स्रोतको रूपमा लिएको छ ।

## ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि अध्ययन क्षेत्रमा शोधकर्ता स्वयम् उपस्थित भई अध्ययनका लागि नमूना छनौटमा परेका जनसङ्ख्यासँग प्रत्यक्ष रुपमा भेटघाट गरी तथ्याङ्क /सूचना सङ्कलनका लागि निर्माण गरिएका साधनहरु प्रयोगगरी उद्देश्यहरुसँग सम्वन्धित तथ्याङ्/सूचनाहरु सङ्कलन गरिएको छ ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनलाई पुरा गर्ने क्रममा संकलन गरिएका तथ्याङ्क/सूचनाहरू मध्ये केहीलाई तालिकामा प्रस्तुत गरी छोटो व्याख्या विश्लेषण गरिएकोछ भने केहीलाई तालिकामा प्रस्तुतीकरण नगरी सोझै व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

प्राथमिक तहका शिक्षकहरूबाट शिक्षणमा शिक्षक तालिमको प्रयोगको अवस्था पहिचान गर्ने उद्देश्यले प्रस्तुत अध्ययन सिरहा  जिल्ला स्थित श्री च.उ.मा.वि सिरहा स्रोतकेन्द्र अन्तरगतका आठवटा सामुदायिक प्राथमिक विद्यालयहरूमा सञ्चालन गरिएको थियो । प्राथमिक तहका शिक्षकहरूले तालिममा सिकेका सीपहरूलाई शिक्षणमा के-कसरी प्रयोग गरिरहेका छन् भन्ने अवस्था पहिचान गर्न यो अध्ययन केन्द्रित रहेकोले सोही सम्बन्धि आवश्यक तथ्याङ्क एवम् सूचनाहरू संकलन गरिएको थियो । शिक्षकहरूका लागि प्रश्नावली, कक्षा अवलोकन फाराम तथा लक्षित समूह छलफल निर्देशिका जस्ता साधनहरूलाई आवश्यक सूचना संकलन गर्नका लागि प्रयोग गरिएको थियो । यस अध्ययनमा संकलित सूचना एवम् तथ्याङ्कलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ तालिममा सिकेका ज्ञान र सीपहरुको कक्षाकोठाको व्यवस्थापनमा प्रयोग

तालिममा सिकेका सीपहरु प्रयोग गर्ने प्रयोगशाला कक्षाकोठा हो । विद्यालयमा विद्यार्थीको लागि सिकाइको उपयुक्त वातावरण निर्माण गर्ने मुख्य दायित्व शिक्षकको हो । विद्यार्थीलाई सिक्नका लागि उत्प्रेरित गर्न शिक्षकमा आधारभूत ज्ञान, सीप र धारणा आवश्यक पर्दछ । शिक्षण विधि तथा प्रविधिहरुमा आइरहने नयाँपन सँगं परिचित हुन विद्यार्थीलाई समयसापेक्ष ज्ञान दिन वाल मनोविज्ञानको प्रयोग गर्नु, योजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग जस्ता कुरामा शिक्षक तालिमले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । प्राथमिक शिक्षक तालिममा सिकेका सीपहरुको कक्षाकोठामा प्रयोगको अवस्था पहिचान गर्नु, छनोट गरिएका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ., स्रोत व्यक्ति, विद्यार्थी र शिक्षकसंग अन्तर्वार्ता, प्रश्नावली र कक्षाकोठा अवलोकन गरी

त्यसबाट प्राप्त सूचना तथा तथ्याङ्कको प्रस्तुती, व्याख्या एवम् विश्लेषण यस प्रकार प्रस्तुत गरिएको छ ।

### ४.१.१ शिक्षक तालिमको अवस्था

यस अध्ययनमा अध्ययन क्षेत्रको रूपमा रहेका १६ जना प्राथमिक शिक्षकहरू ( नाम, योग्यता तथा तालिम विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ) को तालिमको वर्तमान अवस्थालाई तालिका ४.१ मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

माथिको तालिकामा उल्लेख गरिएको शिक्षक तालिमको वर्तमान स्थिति सम्बन्धि सूचना संकलन गर्न शिक्षकहरूका लागि प्रश्नावली फारामको प्रयोग गरिएको थियो । तालिका ४.१ लाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा परेका जम्मा १६ जना शिक्षकहरूमध्ये १५ जना शिक्षकहरू पूरा तालिम प्राप्त र १ जना शिक्षक तालिम अप्राप्त रहेको पाइयो । नियुक्ति भएपश्चात तालिमको अवसर नपाएको कारण १ जना शिक्षक हालसम्म तालिम अप्राप्त रहेको पाइयो ।

### ४.१.२ तालिम प्राप्त शिक्षकले प्राप्त गरेको तालिमको किसिम

अध्ययन क्षेत्रको रूपमा परेका १६ जना शिक्षकहरूमध्ये १५ जना तालिम प्राप्त शिक्षकहरूले कुन-कुन तालिम प्राप्त गरेका छन् भन्ने अवस्थालाई तालिका ४.२ मा निम्नानुसार  प्रस्तुत गरिएको छ ।

तालिका ४.२ लाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा परेका तालिम प्राप्त कूल १५ जना शिक्षकहरूमध्ये १२ जनाले १० महिने सेवाकालिन प्राथमिक शिक्षक तालिम प्राप्त गरेको पाइयो भने १ जनाले आई.एड. र २ जनाले वी.एड तालिम प्राप्त गरेको पाइयो ।

### ४.२ शिक्षणमा तालिमबाट सिकेका सीपहरूको प्रयोग

तालिमको माध्यमबाट शिक्षकहरूमा विभिन्न विषयमा आवश्यक ज्ञान र सीपहरू प्रदान गर्ने गरेको पाइन्छ । यस अध्ययन क्षेत्रमा परेका प्राथमिक शिक्षकहरूले आफुले तालिममा सिकेका सीपहरूलाई शिक्षणमा प्रयोग गरेको अवस्थालाई तालिका ४.३ मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

माथि उल्लेख गरिएको तालिममा सिकेका सीपहरूलाई शिक्षणमा प्रयोग गर्ने र नगर्ने शिक्षकहरूको पहिचान कक्षा अवलोकन फाराम र कक्षा अवलोकन रुजुसूचीका आधारमा गरिएको थियो ।

तालिका ४.३ लाई विश्लेषण गर्दा तालिममा सिकेका सिपहरूलाई प्राथमिक शिक्षकहरूबाट शिक्षणमा प्रयोगको अवस्था न्यून रहेको पाइयो । कक्षा व्यवस्थापन अन्तरगत विद्यार्थीको वसाई व्यवस्थापन, कक्षाकोठाको सजावट, फर्निचर व्यवस्थापन तालिम अनुरूप ४ जनाले मात्र गरेको पाइयो भने १२ जनाले नगरेको पाइयो । यसको मुख्य कारणहरू कक्षाकोठाको आकार, सामग्रीको अभाव, कमजोर आर्थिक अवस्था रहेको पाइयो ।

त्यसैगरी शिक्षकको तयारी, विषयवस्तुको प्रस्तुती, विद्यार्थी मूल्याङ्कन जस्ता सीपहरूको प्रयोग गर्ने शिक्षक संख्या १० जना र नगर्ने शिक्षक संख्या ०६ जना रहेको पाइयो भने शिक्षण विधिको प्रयोग, शैक्षिक सामग्रीको छनौट तथा प्रयोग, शिक्षण क्रियाकलाप सारांश तथा निष्कर्ष सीपको प्रयोग गर्ने शिक्षक संख्या क्रमशः १२, ९, ११, १२ जना तथा प्रयोग नगर्ने शिक्षक संख्या क्रमशः ०४, ०७, ०५, ०४ जना रहेको पाइयो ।

यसरी तालिममा सिकेका सीपहरूलाई सबै शिक्षकहरूले शिक्षणमा प्रयोग नगर्नुका मुख्य कारणहरू शिक्षकहरूको अल्छीपना, विना योजना कक्षाकोठामा

प्रवेश, पेशाप्रति उदासिनता, विद्यालयको कमजोर आर्थिक अवस्था आदि रहेको पाइयो ।

यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने शिक्षकहरूले तालिममा सिकेका सीपहरूलाई शिक्षणमा पूर्ण रूपमा प्रयोग गरेको अवस्था पाउन सकिदैन ।
शिक्षणमा तालिमको प्रयोगको अवस्था के कस्तो रहेको छ भने सन्दर्भमा कक्षा अवलोकन फाराम र कक्षा अवलोकन रुजुसूचीका आधारमा संकलन गरिएका सूचनाहरूलाई छुट्टाछुट्टै रूपमा निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.२.१ कक्षा व्यवस्थापन

कक्षा व्यवस्थापन अन्तरगत विद्यार्थीको बसाई व्यवस्थापन (U आकृति, V आकृति, वृत्ताकार, अर्धवृत्ताकार), सहज रूपमा विद्यार्थीले क्रियाकलाप गर्न सक्ने, सजिलैसँग शिक्षक सबैठाउँमा आवतजावत गर्न सक्ने, हावा तथा प्रकाशको व्यवस्था, शैक्षिक सामग्री सजावट र प्रयोगको व्यवस्था, समूह निर्माण, उपयुक्त फर्निचर जस्ता पक्षमा आवश्यक सीप शिक्षकहरूले तालिममा प्राप्त गरेकोमा कक्षा अवलोकनका क्रममा अधिकांश शिक्षकहरूबाट कक्षा व्यवस्थापन सम्बन्धि उक्त सीपहरू प्रयोग नगरेको पाइयो । कक्षा-१ मा भने विद्यार्थी अनुसारको उपयुक्त फर्निचरको व्यवस्था, शैक्षिक सामग्री भित्तामा टाँसेको, वुक कर्नर र कालोपाटीको व्यवस्था गरेको पाइयो भने अन्य कक्षाहरूमा कालोपाटीको व्यवस्था गरिएको तर उपयुक्त साइजको फर्निचर नभएको पाइयो ।

शिक्षा नियमावली २०५९ (सातौ संशोधन) ले कक्षाकोठाको क्षेत्रफल पूर्व प्राथमिक र प्राथमिक तहको हकमा प्रति विद्यार्थी ०.७५ वर्ग मीटर तथा निम्न माध्यमिक र माध्यमिक तहको हकमा प्रति विद्यार्थी १.०० वर्गमिटर हुनु पर्ने उल्लेख गरे तापनि सवै कक्षाकोठाहरू सो अनुरूप नरहेकाले कक्षा व्यवस्थापनमा कठिनाई रहेको छ भन्न सकिन्छ ।

### ४.२.२ शिक्षकको तयारी

प्रभावकारी शिक्षणका लागि शिक्षकको तयारीलाई एक महत्वपूर्ण पक्षको रूपमा लिइन्छ । शिक्षकको तयारीभित्र पाठयोजनाको तयारी, पूर्वपाठको पुनरावृत्ति, शैक्षिक सामग्रीको तयारी, भौतिक साधनहरूको व्यवस्थापन तथा उपलब्ध स्रोतहरूको उपयुक्त व्यवस्थापन जस्ता पक्षहरू पर्दछन् । कक्षा अवलोकनका फाराम र कक्षा अवलोकन रुजुसूचीका आधारमा उक्त पक्षहरूसँग सम्बन्धित सूचनाहरूलाई तालिका ४.४ मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

माथिको तालिका ४.४ लाई विश्लेषण गर्दा कूल १६ जना शिक्षकहरू मध्ये ०४ जनाले मात्र पाठयोजनाको तयारी गरेको पाइयो भने बाँकी १२ जना शिक्षकहरूले पाठयोजनाको तयारी विना नै शिक्षण गरेको पाइयो । पूर्वपाठको पुनरावृत्ति, शैक्षिक सामग्रीको तयारी, भौतिक साधनहरूको व्यवस्थापन र स्रोतहरूको उपयुक्त व्यवस्थापन सीपहरूको प्रयोग गर्ने शिक्षक संख्या क्रमशः १४, १०, ०६ र १० जना रहेको पाइयो ।

पाठयक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि पुरा हुने गरी पाठयोजनाको तयारी गर्नुपर्ने, पूर्वपाठको पुनरावृत्ति गरेर मात्र सम्बन्धित दिनको पाठ शुरु गर्नुपर्ने, शैक्षिक सामग्रीको तयारी अन्तरगत श्रव्यदृश्य, श्रव्य, मुद्रित, विना मूल्यका, कम मूल्यका, स्थानीय सामग्री, शिक्षक निर्मित, विद्यार्थी निर्मित, शिक्षक-विद्यार्थी निर्मित सामग्रीको तयारी र तो सामग्रीहरू प्रदर्शन, भण्डारन तथा संरक्षणका लागि उपयुक्त दराज, टेवुलको व्यवस्था गनुपर्ने, सामग्रीहरूको प्रयोगमा अपनाउनुपर्ने सावधानीका लागि विद्यार्थी अनुशासनको व्यवस्था गर्नुपर्ने जस्ता सीपहरू तालिमबाट शिक्षकहरूले प्राप्त गरेकोमा ०४ जना शिक्षकहरूले मात्र उद्देश्य अनुरूप पाठयोजना तयार गरी शिक्षण गरेको पाइयो भने बाँकी १२ जनाले विना पाठयोजना नै शिक्षण गरेको पाइयो । पूर्वपाठको पुनरावृत्ति गर्ने शिक्षकहरू १४ जना रहेको पाइयो भने ०२ जना शिक्षकहरूले सोझै सम्बन्धित दिनको पाठशुरु गरेको पाइयो । १० जना शिक्षकहरूले स्थानीय

तहमा पाइने सामग्रीहरू र मुद्रित सामग्रीहरूको तयारी गरेको पाइयो भने बाँकी ०६ जना शिक्षकहरूले शैक्षिक सामग्रीको तयारी नै नगरेको पाइयो । भौतिक साधनहरूको आवश्यक व्यवस्थापनको तयारी ०६ जनाले पुरा गरेको पाइयो भने १० जना शिक्षकहरूले भौतिक साधनहरूको व्यवस्थापनमा ध्यान नदिएको पाइयो । यसैगरी १० जना शिक्षकहरूले आफ्नो शिक्षणको तयारीको लागि विद्यालयसँग समन्वय गरी पाठ र विषयवस्तु सुहाउँदो सामग्री चयन गर्न, निर्माण गर्न आवश्यक स्रोतहरूको खोजी गरी उपलब्ध स्रोतहरूलाई उपयुक्त व्यवस्थापन गरेको पाइयो भने ०६ जना शिक्षकहरूले स्रोतहरूको खोजी र व्यवस्थापनतर्फ ध्यान नदिएको पाइयो ।

यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने शिक्षकको तयारी अन्तरगत शिक्षकहरूमा पूर्वपाठको पुनरावृत्ति सीपको प्रयोगको अवस्था राम्रो रहनुका साथै अन्य सीपहरूको प्रयोगको अवस्था भने संतोषजनक मात्र रहेको छ ।

### ४.२.३ विषयवस्तुको प्रस्तुती

प्रभावकारी शिक्षणका लागि शिक्षकहरूले विषयवस्तुहरूलाई क्रमवद्ध रूपमा सहजतापूर्वक प्रस्तुत गर्नुपर्ने हुन्छ । तालिमप्राप्त शिक्षकहरूमा संरचित एवम् योजनावद्ध रूपमा उपयुक्त विषयवस्तुको छनौट, क्रमवद्ध प्रस्तुती, उपयुक्त उदाहरणको प्रयोग, विषयवस्तु अनुसार सामग्रीका प्रयोग गर्ने सीपको विकास भएको आशा राखिएको हुन्छ । कक्षा अवलोकन फाराम र कक्षा अवलोकन रुजुसूचीका आधारमा विषयवस्तुको प्रस्तुती सम्बन्धी सीपहरूसँग सम्बन्धित सूचनाहरूलाई तालिका ४.५ मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

माथिको तालिका ४.५ लाई विश्लेषण गर्दा उपयुक्त विषयवस्तुको छनौट, विषयवस्तुको त्रमवद्ध प्रस्तुती, उपयुक्त उदाहरणको प्रयोग, विषयवस्तु अनुसारको सामग्रीको प्रयोग सीपलाई शिक्षणमा प्रयोग गर्ने शिक्षक संख्या क्रमश: ११, ०७, १३, ०७ रहेको पाइयो भने उक्त सीपहरूलाई प्रयोग नगर्ने

शिक्षक संख्या क्रमशः ०५, ०९, ०३, ०९ रहेको पाइयो। उपयुक्त विषयवस्तुको छनौट अन्तरगत पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि पूरा हुने खालका विषयवस्तुहरू छनौट गर्नुपर्ने, विषयवस्तु छनौटमा पाठ्यक्रम र शिक्षक निर्देशिकालाई मूल आधार मान्नुपर्ने सीपहरू प्रदान गरिएकोमा ११ जना शिक्षकहरूबाट मात्रै उक्त सीपहरूको प्रयोग गरिएको पाइयो भने अन्य ०५ जनाले भने उक्त सीपहरूमा खासै ध्यान नदिएको पाइयो, जसको कारण विषयवस्तुको छनौटमा पाठ्यपुस्तकलाई मात्रै आधार मानेको पाइयो । विषयवस्तुको क्रमवद्ध प्रस्तुती अन्तरगत विषयवस्तुलाई सिलसिलेवार ढंगबाट प्रस्तुत गर्नुपर्ने, एउटा प्रसंङ्गको अन्त्यपछि मात्रै अर्को प्रसङ्गलाई प्रस्तुत गर्नुपर्ने जस्ता सीपहरू प्रदान गरिएकोमा ०७ जना शिक्षकहरूले मात्रै उक्त सीपहरूको प्रयोग गरेको र बाँकी ०९ जना शिक्षकहरूबाट प्रयोग नभएको पाइयो । शिक्षकहरूले विषयवस्तुको पूर्वतयारीमा ध्यान नदिनु नै यसको मुख्य कारण रहेको पाइयो । विषयवस्तुसँग सम्बन्धित धारणा स्पष्ट पार्नका लागि विद्यार्थीहरूलाई उनीहरूका अनुभवहरू बताउने अवसर प्रदान गर्ने, दैनिक जीवनसँग सम्बन्धित वस्तुहरू तथा घटनाहरूमा आधारित भई उदाहरण सहित विषयवस्तु प्रस्तुत गर्नुपर्ने सीप प्रदान गरिएकोमा १३ जना शिक्षकहरूबाट शिक्षणमा उक्त सीपहरूलाई प्रयोग गरिएको पाइयो भने बाँकी ०३ जना शिक्षकहरूबाट उक्त सपिहरूको प्रयोग नभएको पाइयो । सीप प्रयोग नगर्ने शिक्षकहरूमा पाठ्यपुस्तकलाई मात्रै आधार मानी शिक्षण गर्नु तथा अल्छीपना रहनु मुख्य कारण रहेको पाइयो ।

तालिममा विषयवस्तु अनुसारको सामग्रीको प्रयोग अन्तरगत विषयवस्तु अनुसारका सामग्रीहरूको उपयुक्त समयमा उचित प्रयोग गर्ने, सबै विद्यार्थीहरूलाई सामाग्रीको अवलोकन गर्न, प्रयोग गर्न, छलफल गर्न र प्रस्तुत गर्न समय व्यवस्थापन गर्नुपर्ने सीपहरू प्रदान गरिएकोमा ०७ जना शिक्षकहरूबाट मात्रै उक्त सीपहरूको प्रयोग भएको पाइयो भने अन्य

शिक्षकहरू मध्ये केहिले विषयवस्तुको क्रम नमिलाई शैक्षिक सामग्रीको प्रयोग गरेको र केहिले भने शैक्षिक सामग्रीको प्रयोग नै नगरेको पाइयो । जसको कारण विद्यालयको कमजोर आर्थिक एवम् भौतिक व्यवस्थापन रहेको तथा शिक्षकहरूले शैक्षिक सामग्रीको प्रयोगलाई झन्झटिलो मानेको पाइयो ।

यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने विषयवस्तुको प्रस्तुती अन्तरगत उपयुक्त विषयवस्तुको छनौट गर्ने सीप र उपयुक्त उदाहरणको प्रयोग गर्ने सीपको प्रयोगको स्थिति राम्रो रहेको तथा विषयवस्तुको क्रमवद्ध प्रस्तुती गर्ने सीप र विषयवस्तु अनुसारको सामग्रीको प्रयोग गर्ने सीपको प्रयोगको अवस्थामा सुधार गर्न आवश्यक छ ।

### ४.२.४ शिक्षण विधिको प्रयोग

शिक्षकले शिक्षण कार्य क्रियाकलापलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि विषयवस्तुको प्रकृति अनुसार सुहाउँदो हुने गरी विभिन्न किसिमका शिक्षण विधिहरूको उपयुक्त ढङ्गले प्रयोग गर्नुपर्ने हुन्छ । सिकारुको ज्ञान, सीप र अभिवृत्तिको अन्वेषण गर्नमा प्रयोग गरिने शिक्षण विधिहरू विद्यार्थी केन्द्रित, सहभागितामूलक वा क्रियाकलापमा आधारित हुनुपर्दछ । कक्षा अवलोकन फाराम र कक्षा अवलोकन रुजु सूचीका आधारमा शिक्षण विधिको प्रयोग सम्बन्धी सीपहरूसँग सम्बन्धित सूचनाहरूलाई तालिका ४.६ मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

माथिको तालिका ४.६ लाई विश्लेषण गर्दा शिक्षण विधिको छनौट उपयुक्त विधिको प्रयोग र आवश्यकतानुसार शिक्षण विधिको परिवर्तन सीपको प्रयोग गर्ने शिक्षक संख्या क्रमशः १२, १२ र १० रहेको पाइयो भने प्रयोग नगर्ने शिक्षक संख्या क्रमशः ०४, ०४ र ०६ रहेको पाइयो । तुलनात्मक रूपमा हेर्दा आवश्यकतानुसार शिक्षण विधिको परिवर्तन गर्ने सीप भन्दा शिक्षण विधिको छनौट गर्ने सीप र उपयुक्त विधिको प्रयोग गर्ने सीपको प्रयोगको स्थिति राम्रो

रहेको पाइयो । शिक्षण क्रियाकलापलाई सहभागितामूलक बनाउनका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य तथा विषयवस्तुको प्रकृति अनुकुल हुने गरी छलफल, प्रश्नोत्तर, व्याख्यान, अभिनय, भूमिका निर्वाह, क्षेत्र भ्रमण, खेल जस्ता विभिन्न विधिहरू प्रयोग गर्नुपर्ने सीप शिक्षकहरूलाई तालिममा प्रदान गर्ने गरेको पाइन्छ । शिक्षण विधिको छनौटमा मूख्य आधारको रूपमा विषयवस्तुको प्रकृति र विद्यार्थीको उमेर, क्षमता, रुची, आवश्यकतालाई लिनुपर्ने सीप तालिममा प्रदान गरिएकोमा १२ जना शिक्षकहरूबाट शिक्षण विधिको छनौट र प्रयोग गर्ने सीपको शिक्षणमा प्रयोग गरिएको पाइयो । यसैगरी आवश्यकता अनुसार शिक्षण विधिको परिवर्तन अन्तरगत एउटै पाठमा विषयवस्तुको प्रकृति र आवश्यकता अनुसार छलफल, प्रदर्शन, प्रश्नोत्तर खेल, अभिनय जस्ता विधिहरू प्रयोग गरी शिक्षण गर्नुपर्ने सीप प्रदान गरिएकोमा १० जना शिक्षकहरूबाट मात्र शिक्षणमा उक्त सीपहरूको प्रयोग भएको पाइयो भने बाँकी ०६ जना शिक्षकहरूबाट एउटा पाठमा एउटै मात्र विधिको प्रयोग गरेको पाइयो ।

यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने शिक्षण विधिको प्रयोग अन्तरगत शिक्षण विधिको छनौट गर्ने र प्रयोग गर्ने सीपको प्रयोगको स्थिति राम्रो रहेको र आवश्यकता अनुसार शिक्षण विधिको परिवर्तन गर्ने सीपको प्रयोगको अवस्था भने संतोषजनक मात्र रहेको छ ।

### ४.२.५ शैक्षणिक सामग्रीको छनौट तथा प्रयोग

शिक्षण सिकाइको क्रममा शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीहरूमा प्रत्यक्ष अनुभव प्रदान हुने हुँदा विद्यार्थीहरूमा धारणाको विकास गर्न सजिलो हुन्छ । शिक्षणमा उपयुक्त शैक्षिक सामग्रीको प्रयोग गरिएमा विद्यार्थीहरूले विषयवस्तु सजिलै र स्पष्टसँग बुझ्ने हुँदा शैक्षिक सामग्रीले सिकाइलाई चिरस्थायी बनाउन मद्दत गर्दछ । शिक्षकहरूमा शिक्षक तालिमको माध्यमबाट शैक्षणिक सामग्रीको छनौट तथा प्रयोग सम्बन्धी सीप प्रदान गरिएको हुन्छ । यसरी

शिक्षकहरूले शैक्षणिक सामग्रीको छनौट तथा प्रयोग सम्बन्धी प्राप्त गरेका सीपहरूसँग सम्बन्धित सूचनाहरूलाई कक्षा अवलोकन फाराम र कक्षा अवलोकन रुजुसूचीका आधारमा तालिका ४.७ मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

माथिको तालिका ४.७ लाई विश्लेषण गर्दा उपयुक्त शैक्षिक सामाग्रीको छनौट, विद्यार्थी-शिक्षक निर्मित सामग्रीको प्रयोग, क्रमवद्ध रूपमा सामग्रीको प्रयोग र विषयवस्तुको प्रकृति अनुरूप सामग्रीको प्रयोग सीपको शिक्षणमा प्रयोग गर्ने शिक्षक संख्या क्रमशः १०, ०८, ०८ र १० जना रहेको पाइयो भने प्रयोग नगर्ने शिक्षक संख्या क्रमशः ०६, ०८, ०८ र ०६ जना रहेको पाइयो ।

विषयवस्तुको प्रकृति, उपलब्ध स्रोत तथा साधन, विद्यार्थी संख्या, कक्षाकोठाको आकार, विद्यार्थीको स्तर, क्षमताका आधारमा आवश्यक शैक्षणिक सामग्रीहरूको छनौट गर्ने सीप तालिमबाट शिक्षकहरूमा प्राप्त भएको हुन्छ । विशेषतः विना मूल्यका, कम मूल्यका र स्थानीय स्तरमा उपलब्ध सामग्रीहरूलाई छनौट गरी शिक्षणमा प्रयोग गर्नुपर्नेमा १० जना शिक्षकहरूबाट मात्र उक्त सीपको प्रयोग भएको पाइयो भने ०६ जना शिक्षकहरूले शैक्षिक सामग्रीको छनौट र प्रयोग नगरेको पाइयो । ०८ जना शिक्षकहरूबाट विद्यार्थीहरू परिचालन गरी आफ्नो र विद्यार्थीहरूको सहकार्यमा सामग्रीहरू निर्माण गरी शिक्षणमा प्रयोग गरेको पाइयो । शैक्षिक सामग्रीको प्रयोग गर्ने शिक्षकहरू मध्ये ०८ जनाले मात्र सामग्रीको परिचय, प्रयोग गर्ने तरिका, अवलोकन गर्ने तरिका वताई विषयवस्तुसँग उपयुक्त प्रस्तुतीका साथ क्रमवद्धरूपमा प्रयोग गरेको पाइयो भने बाँकी ०८ जनाले शिक्षणमा क्रमवद्ध रूपमा शैक्षिक सामग्रीको प्रयोग गर्न नसकेको पाइयो । विद्यालयमा उपलब्ध, निर्मित र संकलित सामग्रीहरूलाई विषयवस्तुसँग मेलखाने गरी १० जना शिक्षकहरूबाट शिक्षणमा प्रयोग गरेको पाइयो भने ०६ जना शिक्षकहरुले विषयवस्तुको प्रकृति अनुसार शैक्षिक सामग्रीको प्रयोग गर्न नसकेको पाइयो । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ

भने शैक्षणिक सामाग्रीको छनौट र प्रयोग सम्बन्धी सीपको शिक्षणमा प्रयोगको स्थिति कमजोर रहेको छ ।

### ४.२.६ शिक्षण क्रियाकलाप

सिकाइमा शिक्षण क्रियाकलापलाई एउटा महत्वपूर्ण पक्षको रूपमा लिइन्छ । शिक्षणमा कक्षाभित्र रहेका सबै विद्यार्थीहरूका आवश्यकता, रुची, क्षमता र चाहनाहरूलाई सम्बोधन गर्दै कक्षाकोठामा गरिने क्रियाकलापमा सबै विद्यार्थीहरूको समान र सक्रिय सहभागिता हुन सक्ने वातावरणको सृजना गरी तालिम प्राप्त शिक्षकहरूबाट शिक्षण क्रियाकलाप सञ्चालन गरिएको हुन्छ । तालिममा शिक्षकहरुले शिक्षण क्रियाकलाप सम्बन्धी प्राप्त गरेका सीपहरूको शिक्षणमा प्रयोगको स्थिति कस्तो रहेको छ भन्ने अवस्थालाई कक्षा अवलोकन फाराम र कक्षा अवलोकन रुजुसूचीका आधारमा तालिका ४.८ मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

माथिको तालिका ४.८ लाई विश्लेषण गर्दा पाठप्रति विद्यार्थीको उत्प्रेरणा, विद्यार्थीलाई प्रश्न सोध्ने अवसर प्रदान, प्रश्न सोधिसकेपछि उत्तर सोच्ने अवसर प्रदान, शिक्षकको पथ प्रदर्शनात्मक भूमिका, सिक्नको लागि समान अवसर, कमजोर विद्यार्थीलाई विशेष सहायताको व्यवस्था, विद्याथीहरूको सक्रिय सहभागिता र लैंगिक समानता कायम, सीपहरूको शिक्षणमा प्रयोग गर्ने शिक्षक संख्या क्रमशः ०८, १०, ०८, ०८, १२, १२, ०८ र १२ रहेको पाइयो भने प्रयोग नगर्ने शिक्षक संख्या क्रमशः ०८, ०६, ०८, ०८, ०४, ०४, ०८ र ०४ रहेको पाइयो । कक्षाकोठामा शिक्षण क्रियाकलाप अन्तरगत पाठप्रति विद्यार्थीको उत्प्रेरणा जगाउन शिक्षकले विषयवस्तुसँग सान्दर्भिक गीत, चुट्किला, लघुकथा तथा सामाजिक घटना जस्ता विषयवस्तु प्रस्तुत गर्नुपर्नेमा ०८ जना शिक्षकहरूबाट मात्र उक्त प्रस्तुती भएको पाइयो भने बाँकी ०८ जना शिक्षकहरूबाट नभएको पाइयो । शिक्षण क्रियाकलापमा १० जना शिक्षकहरूबाट विद्यार्थीहरूलाई अष्पष्ट भएका र नबुझेका विषयमा प्रश्न सोध्ने

अवसर प्रदान गरिएको र शिक्षकले प्रश्न गरिसकेपछि विद्यार्थीहरूलाई उत्तर सोच्ने अवसर ०८ जना शिक्षकहरूबाट मात्र प्रदान गरिएको पाइयो भने बाँकी शिक्षकहरूबाट शिक्षणमा परम्परागत शैली अपनाइएको पाइयो । शिक्षण क्रियाकलापमा शिक्षकको पथप्रदर्शनात्मक भूमिका सीप प्रयोग गर्ने ०८ जना शिक्षकहरूले विद्यार्थीहरूलाई आफै पनि केही गरेर सिक्न प्रेरणा प्रदान गरेको, समूह छलफल गराई विद्यार्थीहरूबाटै प्रस्तुतीकरण गर्न लगाएको पाइयो । १२ जना शिक्षकहरूबाट कक्षामा कमजोर मध्यम र तीक्ष्ण विद्यार्थीहरूलाई समान रूपमा क्रियाकलापमा सहभागी गराउने गरेको, कक्षाको अगाडि, पछाडि र बीचमा बसेका सबै विद्यार्थीहरूलाई समान रूपले ध्यान पुऱ्याई सिक्नको लागि विद्यार्थीहरूलाई समान अवसर प्रदान गरेको पाइनुका साथै कक्षाका कमजोर विद्यार्थीहरूलाई जान्ने विद्यार्थीहरूबाट थप सहयोग सहित अतिरिक्त समयमा पनि शिक्षण गरी अभ्यास गराउने गरेको पाइयो भने बाँकी शिक्षकहरूबाट उक्त सीपको प्रभावकारी प्रयोग नभएको पाइयो । विद्यार्थीहरुको सक्रिय सहभागीता सीप अन्तर्गत ०८ जना शिक्षकहरुबाट क्रियाकलापमा सबै विद्यार्थीहरुलाई सक्रिय सहभागी गराई आफुले सहजीकरणमात्र गर्ने गरेको पाइयो भने बाँकी शिक्षकहरूबाट भने आफूनै बढी सक्रिय हुने गरेको पाइयो । यसरी ने लैंगिक समनाता कायम गर्ने सीप अन्तरगत १२ जना शिक्षकहरूबाट कक्षाका छात्रा र छात्र दुबैलाई बिना भेदभाव सिकाइका लागि समान अवसर प्रदान गरेको पाइयो भने बाँकी ०४ जना शिक्षकहरुबाट भने प्रश्न सोध्दा र अन्य क्रियाकलापहरुमा छात्रलाई बढी सहभागी गराएको पाइयो ।

यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने शिक्षण क्रियाकलाप अन्तरगत विद्यार्थीलाई प्रश्न सोध्ने अवसर प्रदान गर्ने सीप, सिक्नका लागि समान अवसर प्रदान गर्ने सीप, कमजोर विद्यार्थीलाई विशेष सहायताको व्यवस्था प्रदान गर्ने सीप र लैंगिक समानता कायम गर्ने सीपको शिक्षणमा प्रयोगको अवस्था संतोषजनक रहेको अन्य सीपहरूको प्रयोगको अवस्था कमजोर रहेको छ ।

### ४.२.७ विद्यार्थी मूल्याङ्कन

शिक्षकले शिक्षणमा अपेक्षा गरिएका उद्देश्यहरू विद्यार्थीहरूमा हासिल भए नभएको जाँच गरी निर्णय लिन र पृष्ठपोषण प्रदान गरी सुधारात्मक शिक्षण सञ्चालन गर्नका लागि विद्यार्थी मूल्याङ्कनलाई सिकाइको अभिन्न अङ्गको रूपमा लिनुपर्ने हुन्छ । यसरी विद्यार्थी मुल्याङ्कन गर्नका लागि शिक्षकले मूल्याङ्कनका विभिन्न साधनहरू निर्माण गरी प्रयोग गर्नुपर्ने हुन्छ । तालिम प्राप्त शिक्षकहरूले तालिममा विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित विभिन्न सीपहरू प्राप्त गरेका हुन्छन् । शिक्षकले प्राप्त गरेका यस्ता सीपहरूसँग सम्बन्धित सूचनाहरूको प्रयोगको अवस्थालाई कक्षा अवलोकन फाराम र कक्षा अवलोकन रुजुसूचीका आधारमा तालिका ४.९ मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

माथिको तालिका ४.९ लाई विश्लेषण गर्दा तालिममा प्राप्त गरेका पाठयोजना आधारित विद्यार्थी मूल्याङ्कन गर्ने, राम्रो प्राप्तीका लागि पुरस्कार प्रदान गर्ने, क्रमिक रूपमा पृष्ठपोषण प्रदान गर्ने र व्यक्तिगत अभ्यासको अवसर प्रदान गर्ने सपि क्रमशः ०८, १२, १० र ०८ जना शिक्षकहरूले शिक्षणमा प्रयोग गरेको पाइयो भने क्रमशः ०८, ०४, ०६ र ०८ जना शिक्षकहरूले उक्त सीपहरूलाई प्रयोग नगरेको पाइयो । पाठयोजनामा आधारित भएर पाठको उद्देश्य अनुसार ०८ जना शिक्षकले विद्यार्थी मूल्याङ्कन गरेको पाइयो भने बाँकी ०८ जना शिक्षकहरूबाट परम्परागत शैलीबाट विद्यार्थी मूल्याङ्कन गरिएको पाइयो । विद्यार्थी मूल्याङ्कनकै क्रममा सोधिएका प्रश्नहरूको सही जवाफ दिने विद्यार्थीहरूलाई स्यावासी, धन्यवाद दिएर १२ जना शिक्षकहरूबाट प्रशंसा गरिएको पाइयो । यसरी नै विद्यार्थीको कमजोर प्रस्तुती भएको ठाउँमा क्रमिक रूपमा पृष्ठपोषण १० जना शिक्षकहरूबाट मात्रै प्रदान गरिएको पाइयो भने बाँकी शिक्षकहरूबाट कमजोर विद्यार्थीका लागि पृष्ठपोषणतर्फ खासै ध्यान नदिएको पाइयो । मूल्याङ्कनकै शिलशिलामा ०८ जना शिक्षकहरूबाट विद्यार्थीहरूलाई उद्देश्य अनुसार व्यक्तिगत रूपमा विभिन्न अभ्यासहरू गराइएको पाइयो भने अन्य ०८

जना शिक्षकहरूबाट भने व्यक्तिगत अभ्यास भन्दा सामुहिक अभ्यासमा ध्यान दिइएको पाइयो ।

यसबाट के विष्कर्षमा पुग्न सकिन्छ भने विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिममा सिकेका सीपहरूलाई सवै शिक्षकहरूबाट कक्षा शिक्षकमा प्रयोग गरिएको नभए तापनि प्रयोग गर्ने शिक्षकको संख्या भने बढी रहेको छ ।

### ४.२.८ सारांश र निष्कर्ष

शिक्षण सिकाइ क्रियाकलापको अन्त्यमा शिक्षकहरूबाट प्रदान गरिने पाठको सारांश र निष्कर्ष सम्बन्धी सीपलाई शिक्षण सिकाइमा महत्वपूर्ण सीप मानिन्छ । सारांश र निष्कर्ष सँग सम्बन्धित सीपहरूको शिक्षणमा प्रयोगको स्थितिलाई कक्षा अवलोकन फाराम र कक्षा अवलोकन रुजुसूचीका आधारमा तालिका ४.१० मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

माथिको तालिका ४.१० लाई विश्लेषण गर्दा गृहकार्य प्रदान गर्ने सीपको प्रयोगको अवस्था ज्यादै राम्रो देखिन्छ । विषयवस्तुको सारांश प्रदान गर्ने, पाठको रुची पूर्ण समाप्ती गर्ने, पाठ समाप्तीका लागि उपयुक्त समय व्यवस्थापन गर्ने, गृहकार्य प्रदान गर्ने सीप प्रयोग गर्ने शिक्षकसंख्या क्रमशः १२, १२, १० र १६ रहेको पाइयो भने प्रयोग नगर्ने शिक्षकसंख्या क्रमशः ०४, ०४, ०६, ०० रहेको पाइयो । पाठ्यक्रमले तोकेका उद्देश्यहरू विद्यार्थीहरूमा हासिल गराउनका लागि सिकाइमा निरन्तरता दिइराख्नु पर्ने, विषयवस्तुलाई दोहोऱ्याइ प्रस्तुत गर्नुपर्ने, विद्यार्थीलाई जागरुक बनाइराख्न रुची पूर्ण तरिकाले पाठको समापन गर्नुपर्ने, निर्धारित समयभित्र पाठ समाप्त गर्नुपर्ने र अभ्यासका लागि विद्यार्थीहरूलाई गृहकार्य दिनुपर्ने जस्ता सीपहरू तालिमबाट शिक्षकहरूले प्राप्त गरेका हुन्छन् । यस अध्ययनमा छनौट भएका १६ जना शिक्षकहरू मध्ये १२ जनाले पाठको अन्तमा विद्यार्थीहरूलाई विषयवस्तुको सारांश बताइदिने सीपको प्रयोग गरेको र ०४ जनाले भने विषयवस्तुको सारांश नबताई कक्षा समाप्त

गरेको पाइयो भने १२ जना शिक्षकहरूबाट घटना चुट्किला, लघुकथा, व्यवहारिक उदाहरणको प्रयोग गरी रुचीपूर्ण तरिकाले कक्षा समापन गरेका र ४ जना शिक्षकहरूले चाहि सोझै पाठको समापन गरेको पाइयो । यसरी नै १० जना शिक्षकहरूले निर्धारित समयमा पाठ समापन गरेको पाइयो भने ०२ जना शिक्षकहरूले निर्धारित समयभन्दा चाडो र ०४ जना शिक्षकहरूले निर्धारित समयभन्दा बढी समय शिक्षण गरेको पाइयो । शिक्षणको अन्त्यमा सबै शिक्षकहरूले पाठ पढेर आउने, अभ्यासका समस्याहरू हल गरेर आउने, चित्र बनाएर ल्याउने जस्ता कार्यहरू गृहकार्यको रूपमा दिने गरेको पाइयो ।

यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने शिक्षकले तालिममा प्राप्त गरेका सीपहरूमध्ये सारांश र निष्कर्ष सम्बन्धी सीपहरूको प्रयोगको अवस्था अन्य सीपहरूको भन्दा राम्रो रहेको भए तापनि पाठ समाप्तीका लागि उचित समय व्यवस्थापन गर्ने सीपको प्रयोगको अवस्था भने कमजोर रहेको छ ।

## ४.३ तालिमको प्रयोगमा देखिएका समस्याहरु

शिक्षकहरुले शिक्षक तालिमलाई शिक्षणमा प्रयोग गर्ने शिलशिलामा विद्यालयका साँघुरो कक्षाकोठाहरु, अव्यवस्थित कालोपाटी, खोल्न र बन्द गर्न नसकिने झ्यालढोका, विद्यार्थीको उमेर र कक्षा अनुसारका फर्निचरको अभाव, भौतिक अवस्थाको सुधार गर्नका लागि आर्थिक स्रोतको अभाव, पर्याप्त शैक्षिक सामग्रीहरु उपलब्ध हुन नसक्नु, भएका सामग्रीहरुको उचित सुरक्षण र भण्डारण गर्न नसक्नु, सबै शिक्षकहरुले तालिमको अवसर प्राप्त गर्न नसक्नु, बीचबीचमा अल्पकालिन तथा पुनर्ताजगी तालिमहरु सञ्चालन नहुनु, तालिम अनुगमनको अभाव रहनु, शिक्षकहरुमा शिक्षण भार बढि रहनु, दण्ड र पुरस्कारको अभाव, शिक्षकहरुमा इच्छाशक्तिको अभाव रहनु, वि.व्य.स., शि.अ.संघ, अभिभावक तथा विद्यार्थीहरुमा तालिमको महत्व सम्बन्धी सचेतनाको अभाव तथा शै.सा. छनौट, निर्माण र प्रयोगलाई शिक्षकहरुले बोझको रुपमा लिनुलाई तालिमको प्रयोगमा

देखिएका व्यवहारिक समस्याहरुको रुपमा पाइएको छ जसलाई बुँदागत रुपमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.३.१ अनुगमन तथा सुपरिवेक्षण

शिक्षकहरुले तालिम लिइसके पश्चात शिक्षणमा तालिमको प्रभावकारी प्रयोगको लागि तालिम प्रदान गर्ने निकाय शैक्षिक जनशक्ति विकास केन्द्र तथा शैक्षिक तालिम केन्द्रहरु र तालिमसँग सम्बन्धित अन्य निकायहरु जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र, विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकबाट शिक्षक तालिमको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरिनु पर्ने नीतिगत व्यवस्था हुँदाहुदै पनि अनुसूची १ को शिक्षकहरुका लागि प्रश्नावली र अनुसूची ४ को छलफल निर्देशिकाको आधारमा शिक्षक तालिमको अनुगमन तथा सुपरिवेक्षण प्रभावकारी हुन नसकेको, अनुगमन तथा सुपरिवेक्षणलाई औपचारिकतामा मात्रै सीमित गरिएको, अनुगमन तथा सुपरिवेक्षणको आधारमा दण्ड तथा पुरस्कारको नीति अवलम्वन गर्न नसकिएको हुँदा वर्तमान अवस्थामा हुने गरेको तालिम अनुगमन तथा सुपरिवेक्षणबाट शिक्षणमा शिक्षक तालिमको प्रयोगमा शिक्षकहरुलाई मद्दत नपुगेकोले अनुगमन तथा सुपरिवेक्षण समस्याको रुपमा रहेको पाइएको छ ।

### ४.३.२ शैक्षिक वातावरण

विद्यालयहरुमा उपयुक्त शैक्षिक वातावरणको विकास नमएसम्म शिक्षणमा शिक्षक तालिमलाई प्रभावकारी रुपमा प्रयोग गर्न सकिदैन । अनुसूची १ को शिक्षकहरुका लागि प्रश्नावली र अनुसूची ४ को छलफल निर्देशिकाको आधारमा विद्यालयहरुमा कक्षागत दरबन्दीको व्यवस्था नहुनु, शिक्षकहरुमा शिक्षण भार बढी हुनु, समय समयमा बन्द हड्ताल भइरहनु, सबै शिक्षकहरुले तालिमलाई शिक्षणमा प्रयोग गर्न इच्छा शक्ति नदेखाउनु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अभिभावकहरुमा तालिम सम्बन्धी सचेतनाको अभाव रहनुले विद्यालयहरुमा शिक्षक तालिमको प्रयोगका लागि

उपयुक्त शैक्षिक वातावरणको अभाव रहेकोले शैक्षिक वातावरण समस्याको रुपमा रहेको पाइएको छ ।

### ४.३.३ भौतिक वातावरण

शिक्षकहरुबाट तालिमलाई कक्षाकोठाको शिक्षणमा प्रयोग गर्नका लागि विद्यालयका कक्षाकोठा, फर्निचर, कालोपाटी, झ्यालढोका उपयुक्त हुनुपर्दछ । यस अध्ययनको अनुसूची १ को शिक्षकहरुका लागि प्रश्नावली र अनुसूची ४ को छलफल निर्देशिकाको आधारमा विद्यालयहरुको कमजोर भौतिक व्यवस्थापन समस्याको रुपमा रहेको छ । विद्यालयहरुमा अधिकांश कक्षाकोठाहरु साँघुरा हुनु, विद्यार्थीको उमेर र कक्षा अनुसारका डेस्क बेन्च नहुनु, उपयुक्त कालोपाटी तथा झ्यालढोकाको व्यवस्था नहुनु, शैक्षिक सामग्रीको उचित भण्डारण र संरक्षण हुन नसकेकोले भौतिक वातावरण समस्याको रुपमा रहेको पाइएको छ ।

### ४.३.४ तालिमको प्रभावकारिता

अनुसूची १ को शिक्षकहरुका लागि प्रश्नावली र अनुसूची ४ को छलफल निर्देशिकाको आधारमा शिक्षक तालिम सञ्चालनको समयमा तालिमको उद्देश्य तथा मर्म अनुसार तालिम सञ्चालन नभएको, तालिममा के सिकाउने, के सिक्ने भन्ने पक्षमा ध्यान दिनुपर्नेमा लिने र दिने दुवै पक्षबाट कहिले सक्ने भन्नेमा मात्र ध्यान दिइएको, तालिमलाई केवल दिने र लिने प्रकृयामा मात्र सिमित गरिएको, तालिम कसरी सञ्चालन गरिए प्रभावकारी हुन्छ भन्ने सम्बन्धमा छलफल हुन नसकेको, तालिमलाई शिक्षण कार्यको अभिन्न अङ्गको रुपमा सँगसगै जोडेर लान नसकिएको हुँदा तालिमको प्रभावकारीता समस्याको रुपमा रहेको पाइएको छ ।

## ४.४ शिक्षक तालिमलाई प्रभावकारी बनाउने उपायहरु

शिक्षक तालिमलाई प्रभावकारी बनाउनका लागि विद्यालय व्यवस्थापन समितिले स्रोतहरुको पहिचान गरी विद्यालयको भौतिक तथा आर्थिक सुधारका लागि कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, शिक्षकहरुलाई शिक्षण कार्यमा आवश्यक पर्ने शैक्षिक सामग्रीहरुको व्यवस्था तथा तिनको सुरक्षण र भण्डारणका लागि विद्यालय प्रशासनले व्यवस्था मिलाउनु पर्ने, शै.ज.वि.के र यस अन्तरगतका निकायहरुले सबै शिक्षकहरुलाई सेवाकालिन तालिम प्रदान गर्नुपर्ने, समय-समयमा अल्पकालिन तथा पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने, सम्बन्धित निकायहरुबाट तालिम अनुगमनमा प्रभावकारिता बढाई दण्ड र पुरस्कारको नीतिलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनुपर्ने, शिक्षकहरुमा पेशाप्रतिको जिम्मेवारी बोध हुनुपर्ने, शिक्षक तालिमको महत्वलाई वि.व्य.स. शि.अ.संघ, अभिभावक तथा विद्यार्थी सम्म पुऱ्याउनु पर्ने उपायहरु अवलम्वन गर्नुपर्ने अवस्था रहेको पाइयो जसलाई बुँदागत रुपमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.४.१ आवश्यकताको पहिचान

शिक्षक तालिम सञ्चालन गर्दा शिक्षकहरुको आवश्यकता पहिचान गरी उक्त आवश्यकताहरु सम्बोधन हुने गरी तालिम मोड्युल सामग्रीहरुको विकास गर्नु पर्दछ । तालिममा सहभागी हुने शिक्षकहरु सबैले तालिम सञ्चालनका समयमा म मेरो आवश्यकतासँग सम्बन्धित विषयवस्तुमा छलफल/क्रियाकलाप गर्दैछु भन्ने महसुश गर्न पाउने वातावरण सृजना गर्नका साथै तालिम कक्षमा सहजकर्तामुखी भन्दा सहभागीमुखी क्रियाकलापहरु सञ्चालन हुने गरी आवश्यकताहरुको पहिचान गरी क्रियाकलापहरु निर्धारण गर्नुपर्ने हुँदा शिक्षक तालिमलाई प्रभावकारी बनाउने उपायको रुपमा आवश्यकताको पहिचानलाई उल्लेख गरिएको छ ।

### ४.४.२ शिक्षकहरुमा प्रतिवद्धता

तालिम लिइसकेपछि त्यसलाई कक्षाकोठा भित्र कार्यान्वयन गर्ने गराउने मूख्य पक्षको रुपमा शिक्षक रहने हुँदा शिक्षकहरुबाट तालिमको प्रयोग गर्ने सन्दर्भमा प्रतिवद्धता व्यक्त हुनु पर्दछ । शिक्षकले शिक्षण कार्यलाई आफ्नो मुख्य पेशाको रुपमा स्वीकार गरी शिक्षण पेशासँग सम्बन्धित तालिमलाई शिक्षणको मार्गचित्रका रुपमा अङ्गिकार गरी त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रतिवद्धता जाहेर नगरेसम्म शिक्षक तालिमको प्रयोगमा समस्या रहिरहने भएकोले शिक्षक तालिमलाई प्रभावकारी बनाउने उपायको रुपमा शिक्षकहरुमा प्रतिवद्धतालाई उल्लेख गरिएको छ ।

### ४.४.३ विद्यालयको व्यवस्थापकीय पक्ष

शिक्षकहरुले शिक्षणमा तालिमलाई प्रयोग गर्नका लागि विद्यालयहरुको व्यवस्थापकीय पक्ष सुदृढ एवम् सबल हुनुपर्दछ । विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्रशासनले शिक्षणका लागि सहज तथा उपयुक्त भौतिक व्यवस्थापन आर्थिक व्यवस्थापन तथा प्रशासनिक व्यवस्थापनमा जोड दिइ व्यवस्थापकीय पक्षलाई सबल बनाउन आवश्यक भौतिक, आर्थिक तथा मानविय स्रोतसाधनको विकास गर्नुपर्ने हुँदा शिक्षक तालिमलाई प्रभावकारी बनाउने उपायको रुपमा विद्यालयको व्यवस्थापकीय पक्षलाई उल्लेख गरिएको छ ।

### ४.४.४ नीतिगत व्यवस्था

कार्य सम्पादन मूल्याङ्कनद्वारा गरिने शिक्षकहरुको बढुवा प्रयोजनका लागि शिक्षक तालिमालाई विशेष महत्व दिइ अनिवार्य शर्तका रुपमा उल्लेख गरी विद्यालय स्तर, स्रोतकेन्द्र स्तर तथा जिल्ला स्तरमा शिक्षक तालिमको प्रयोग सम्बन्धी छलफल तथा अन्तरक्रिया अनिवार्य रुपमा सञ्चालन गर्नुपर्ने नीतिगत व्यवस्था शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भएमा मात्र शिक्षणमा शिक्षकहरुले शिक्षक तालिमको प्रयोग प्रभावकारी रुपमा गर्ने हुँदा शिक्षक तालिमलाई प्रभावकारी बनाउने उपायको रुपमा नीतिगत व्यवस्थालाई उल्लेख गरिएको छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरू

प्रस्तुत अध्ययन सिरहा जिल्ला स्थित श्री च.उ.मा.वि सिरहा स्रोतकेन्द्र अन्तरगतका ८ वटा सामुदायिक विद्यालयहरूमा आधारित भएर सञ्चालन गरियो । यस अध्ययनमा तोकिएका उद्देश्य प्राप्तीका लागि सूचनाहरू संकलन गर्न शिक्षकहरूका लागि प्रश्नावली, कक्षा अवलोकन फाराम, कक्षा अवलोकन रुजुसूची, लक्षित समूह छलफल निर्देशिका जस्ता साधनहरू प्रयोग गरिएको थियो । संकलित सूचना एवम् तथ्याङ्कहरूको व्याख्या र विश्लेषण पश्चात अध्ययनको प्राप्ती, निष्कर्ष र सुझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

प्राथमिक तहमा अध्यापनरत सवै शिक्षकहरूलाई तालिम प्राप्त बनाउने सरकारी नीति अनुरूप शिक्षकहरूलाई तालिम प्रदान गरिएको भए तापनि तालिममा सिकेका सीपहरूको शिक्षणमा प्रयोगको स्थिति भने राम्रो नरहेको पाइयो । शिक्षकले तालिममा सिकेका सीपहरूको प्रभावकारी प्रयोग नहुनुमा विद्यालयको कमजोर भौतिक तथा आर्थिक अवस्था, शिक्षकहरूमा इच्छाशक्तिको अभाव, विद्यार्थीमा सचेतनाको अभाव जस्ता कारणहरू रहेको पाइयो ।

## ५.१ निष्कर्ष

अध्ययनमा प्राप्त भएका सूचना तथा तथ्याङ्कहरूको विश्लेषणका आधारमा प्राथमिक तहका सवै शिक्षकबाट शिक्षणमा तालिममा सिकेका सीपहरूको प्रयोग नभएको पाइयो । तालिममा सिकेका सीपहरूलाई प्रयोग नगरी परम्परागत तरिकाबाटै शिक्षण गर्ने शिक्षकहरूको संख्या अझै पनि केहि रहेको पाइयो । कक्षा व्यवस्थापन अन्तरगतका सीपहरूको प्रयोग गर्न विद्यालयको कमजोर भौतिक तथा आर्थिक अवस्था समस्याको रूपमा रहेको देखिन्छ भने अन्य सीपहरूको प्रयोगको अवस्थापनि राम्रो रहेको पाइदैन ।

शिक्षकहरूले तालिममा सिकेका सीपहरूलाई शिक्षणमा प्रयोग गरी शिक्षण गरेको खण्डमा शिक्षण सिकाइ सहभागितात्मक, बालकेन्द्रित, प्रभावकारी रुचीपूर्ण एवम् अर्थपूर्ण हुने अपेक्षा गरिए तापनि शिक्षणमा शिक्षक तालिमको प्रयोग आंशिंक रूपमा मात्र हुने गरेको पाइन्छ । शिक्षणलाई प्रभावकारी बनाउन शिक्षक तालिमको प्रयोगको स्थिति राम्रो नरहेको पाइन्छ । हालसम्म पनि शिक्षक तालिम तालिम मै मात्र सीमित रहेको निष्कर्षमा पुग्न सकिन्छ ।

## ५.३ सुझावहरू

शिक्षणमा शिक्षक तालिमको प्रयोगको अवस्थामा सुधार गर्नका लागि निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ । विद्यालयहरूले स्रोतको पहिचान र व्यवस्थापन गरी आर्थिक तथा भौतिक अवस्थालाई सवल र सक्षम बनाउनुपर्ने । शिक्षा नियमावली वमोजिमको आकारमा कक्षाकोठाको व्यवस्था गर्नुपर्ने । शैक्षिक जनशक्ति विकास केन्द्र तथा शिक्षा मन्त्रालय अन्तरगतका अन्य निकायहरुले शिक्षक तालिमको प्रयोगको अनुगमन गर दण्ड र पुरस्कारको व्यवस्था प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने । तालिम प्रदान गर्ने निकायहरुले शिक्षणमा शिक्षक तालिमको सफल रुपमा प्रयोग हुन नसक्नुका कारणहरू पत्ता लगाई तालिम सञ्चालन प्रक्रिया र प्रयोगको अवस्थामा सुधार ल्याउन थप कार्यक्रमहरू आयोजना गर्नुपर्ने । अधिकांश शिक्षकहरूले १० महिने तालिम लिएका हुँदा समय-समयमा अल्पकालिन तालिमहरू सञ्चालन गर्नुपर्ने ।

विद्यालय प्रशासनले शिक्षकहरुलाई शिक्षणका लागि आवश्यक पर्ने शैक्षिक सामग्री उपलब्ध गराई तिनको सुरक्षरण र भण्डारणको व्यवस्था मिलाउनु पर्ने । शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धी छुट्टै तालिम आयोजना गरी सवै शिक्षकहरूलाई सहभागी गराउनुपर्ने । तालिम अप्राप्त शिक्षकहरूलाई सेवाकालिन तालिमको व्यवस्था गर्नुपर्ने । शिक्षक तालिमको प्रभावकारी प्रयोगका लागि शिक्षकलाई अभिप्रेरित गरि जिम्मेवारी बोध गराउनु पर्ने ।

# सन्दर्भसूची


CERID (2002), *Effectiveness study of teacher training*, Kathmandu: center for research, education and development.

CERID (2003), *Effectiveness study of teacher training*, Kathmandu: center for research, education and development.

NCED (2063), *Effectiveness study of the primary teacher training in Nepal*, Bhaktapur:

अधिकारी, विष्णुप्रसाद (२०५८), *माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौः आशिश पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद र पौडेल, आनन्द (२०६३), *शिक्षा शास्त्र र नेपालमा शिक्षा* (प्रथम संस्करण), काठमाण्डौः आशिस पुस्तक भण्डार ।

कार्की, चण्डी (२०५२), *नेपाल शिक्षा सेवा दिग्दर्शन* (चौथो संस्करण), काठमाडौः परिशीलन।

घिमिरे, जनार्दन (२०६२), *इ.टि.सी. न्यूज लेटर,* सुनसरीः नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र ।

गौतम, पूर्णप्रसाद (२०६७), *प्राथमिक शिक्षक तालिमबाट प्राप्त ज्ञान र सीपको शिक्षणमा प्रयोग,* (अप्रकाशित) शोधपत्र पाठ्यक्रम तथा मूल्याङकन शिक्षण विभाग त्रि. वि. वि. शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर ।

चौहान, राजकुमार (२०६८), *शिक्षक तालिमको शिक्षणमा प्रयोग,* (अप्रकाशित) शोधपत्र शैक्षिक योजना तथा व्यवस्थापन विभाग महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम ।

भण्डारी, विन्दु (२०६७), *तालिमबाट प्राप्त ज्ञान, सीपको शिक्षणमा प्रयोग,* भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, कुबेरनाथ (२०६८), *शिक्षाको दर्शन शास्त्रीय एवम् समाज शास्त्रीय आधार,* काठमाडौः रत्न पुस्तकभण्डार ।

शर्मा एण्ड शर्मा (२०६७), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौः एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिब्यूटर्स ।

शर्मा एण्ड शर्मा (२०६८), *शिक्षा मनोविज्ञान,* काठमाडौः एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिब्यूटर्स ।

शै.ज.वि.के. (२०६५), *तालिमको प्रभावकारीताका लागि क्षेत्रीय कार्यालयहरुको प्रतिवेदन,* भक्तपुरः शैक्षिक जनशक्ति विकास केन्द्र ।

शै.ज.वि.के. (२०६६), *शिक्षकको पेशागत विकास कार्यक्रम प्रयोग पुस्तिका,* भक्तपुरः शैक्षिक जनशक्ति विकास केन्द्र ।

सिंह, नागेश्वर (२०६४), *विद्यालय निरिक्षक प्रश्नोत्तर रुपमा शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौः पैरवी प्रकाशन ।

## शिक्षणमा शिक्षक तालिमको प्रयोग

अनुसूची-१

शिक्षकहरुका लागि प्रश्नावली

शिक्षकको नामः ............................................ योग्यताः ......................

विद्यालयको नामः ............................................. तालिम प्राप्त / अप्राप्त...........

अनुभव वर्ष.......... स्थायी/ अस्थायी..............

१. तपाईले कतिपटक तालिम लिनुभएको छ ?

२. तपाईले कति अवधिको तालिम लिनुभएको छ ?

३. तपाई तालिम प्राप्त भए तपाईले लिएका तालिम कुन हो ?

४. तपाई तालिमबाट सिकेका ज्ञान, सीप र अनुभवहरुलाई शिक्षणमा प्रयोग गर्नुहुन्छ ?

क. गर्नुहुन्छ भने कसरी ?

ख. गर्नुहुन्न भने किन ?

५. तपाईलाई तालिमले सिकाइमा के-कस्तो सहयोग पुऱ्याएको छ ?

६. तालिमबाट प्राप्त गरेको ज्ञान, सीप र अनुभवबाट शिक्षण सिकाइ क्रियाकलापमा कस्तो सहयोग पुगेको छ ?

७. तपाईको विचारमा तालिमबाट प्राप्त ज्ञान, सीप र अनुभव शिक्षणमा प्रयोग गर्न योग्य छन् ?

क. छन् भने कसरी प्रयोग गर्नुहुन्छ ?

ख. छैनन् भने के-कस्ता कठिनाइहरु छन् ?

८. तपाईले सबभन्दा लामो अवधीको कुन तालिम लिनुभएको छ ?

९. तालिम सिकाइका लागि अनिवार्य सर्त हो भने तपाईको विचारमा यसको व्यवहारिक प्रयोग कसरी गर्न सकिएला ?

१०. शिक्षणमा तालिमलाई प्रयोग गर्न के कस्ता समस्याहरु रहेका छन् ?

११. उक्त समस्या समाधानका उपायहरु के -के हुन सक्छन् ?

१२. प्राथमिक तहमा सञ्चालन गरिने तालिम सम्बन्धि कुनै सुझाव भए बताइदिनुहोस् ।

# शिक्षणमा शिक्षक तालिमको प्रयोग

अनुसूची-२

कक्षा अवलोकन फाराम

शिक्षकको नामः ............................................... अवलोकन मितिः....................

विद्यालयको नामः ............................................. कक्षाः .......... विषयः ............

| क्र. सं. | अवलोकनका पक्षहरु | अत्युत्तम | उत्तम | मध्यम | सामान्य |
|---|---|---|---|---|---|
| १. | कक्षा व्यवस्थापन | | | | |
| २. | शिक्षकको तयारी | | | | |
| ३. | विषयवस्तुको प्रस्तुती | | | | |
| ४. | शिक्षण विधिको प्रयोग | | | | |
| ५. | शैक्षिक सामग्रीको छनौट तथा प्रयोग | | | | |
| ६. | शिक्षण क्रियाकलाप | | | | |
| ७. | विद्यार्थी मूल्याङ्कन | | | | |
| ८. | सारांश र निष्कर्ष | | | | |

.................................... ................................

सम्वन्धित शिक्षकको हस्ताक्षर अवलोकनकर्ताको हस्ताक्षर

# शिक्षणमा शिक्षक तालिमको प्रयोग

अनुसूची-३
कक्षा अवलोकन रुजु सूची

विद्यालयको नामः ........................................... मितिः ...............................

शिक्षकको नामः ....................................कक्षाः ........... विषयः .....................

१. कक्षा व्यवस्थापन

क) कक्षाकोठाको उपयुक्त आकार

छ ( ) छैन ( )

ख) बसाई व्यवस्थापन

ग आकृति ( ) ख आकृति ( ) वृत्ताकार ( )

अर्ध वृत्तकार ( ) अन्य .............

ग) हावा तथा प्रकाशको पर्याप्तता

छ ( ) छैन ( )

घ) सहज रुपले विद्यार्थीले क्रियाकलाप गर्न सक्ने अवस्था

छ ( ) छैन ( )

ङ) उपयुक्त फर्निचरको व्यवस्था

छ ( ) छैन ( )

च) बुक कर्नरको व्यवस्था

छ ( ) छैन ( )

छ) शैक्षिक सामग्रीको प्रयोग गर्ने र राख्ने ठाउँको व्यवस्था

छ ( ) छैन ( )

ज) सजिलैसँग आवतजावत गर्न सकिने अवस्था

छ ( ) छैन ( )

२. शिक्षकको तयारी

क) पाठयोजनाको तयारी गरिएको

छ ( ) छैन ( )

ख) पूर्वपाठको पुनरावृत्ति गरिएको

छ ( ) छैन ( )

ग) शैक्षिक सामग्रीको तयारी गरिएको

छ ( ) छैन ( )

घ) भौतिक साधनहरुको व्यवस्थापन गरिएको

छ ( ) छैन ( )

ङ) स्रोतहरुको उपयुक्त व्यवस्थापन गरिएको

छ ( ) छैन ( )

३. विषयवस्तुको प्रस्तुती

क) उपयुक्त विषयवस्तुको छनौट गरिएको

छ ( ) छैन ( )

ख) विषयवस्तुको क्रमवद्ध प्रस्तुती गरिएको

छ ( ) छैन ( )

ग) उपयुक्त उदाहरणहरु प्रयोग गरिएको

छ ( ) छैन ( )

घ) विषयवस्तु अनुसारको सामग्रीको प्रयोग गरिएको

छ ( ) छैन ( )

४. शिक्षण विधिको प्रयोग

क) शिक्षण विधिको छनौट गरिएको

छ ( ) छैन ( )

ख) उपयुक्त विधिको प्रयोग गरिएको

छ ( ) छैन ( )

ग) आवश्यकता अनुसार शिक्षण विधि परिवर्तन गरिएको

छ ( ) छैन ( )

५. शैक्षणिक सामग्रीको छनौट तथा प्रयोग

क) उपयुक्त सामग्रीको छनौट गरिएको

छ ( ) छैन ( )

ख) विद्यार्थी-शिक्षक निर्मित सामग्रीको प्रयोग गरिएको

छ ( ) छैन ( )

ग) क्रमवद्ध रुपमा सामग्रीको प्रयोग गरिएको

छ ( ) छैन ( )

घ) विषयवस्तुको प्रकृति अनुरुप सामग्रीको प्रयोग गरिएको

छ ( ) छैन ( )

६. शिक्षण क्रियाकलाप

क) पाठप्रति विद्यार्थीको उत्प्रेरणा जगृत गरिएको

छ ( ) छैन ( )

ख) विद्यार्थीहरुलाई प्रश्न सोध्ने अवसर प्रदान गरिएको

छ ( ) छैन ( )

ग) प्रश्न सोधिसकेपछि उत्तर सोच्ने अवसर प्रदान गरिएको

छ ( ) छैन ( )

घ) शिक्षकको पथप्रदर्शनात्मक भूमिका निर्वाह गरेको

छ ( ) छैन ( )

ङ)   सिक्नका लागि समान अवसर प्रदान गरिएको

छ ( )   छैन ( )

च)   कमजोर विद्यार्थीलाई विशेष सहायताको व्यवस्था गरिएको

छ ( )   छैन ( )

छ)   विद्यार्थीहरुको सकृय सहभागिता रहेको

छ ( )   छैन ( )

ज)   लैङ्गिक समानता कायम गरिएको

छ ( )   छैन ( )

७.   विद्यार्थी मूल्याङ्कन

क)   पाठयोजनामा आधारित विद्यार्थी मूल्याङ्कन गरिएको

छ ( )   छैन ( )

ख)   राम्रो प्राप्तिका लागि पुरस्कार प्रदान गरिएको

छ ( )   छैन ( )

ग)   क्रमिक रुपमा पृष्ठपोषण प्रदान गरिएको

छ ( )   छैन ( )

घ)   व्यक्तिगत अभ्यासको अवसर प्रदान गरिएको

छ ( )   छैन ( )

८.   सारांश र निष्कर्ष

क)   विषयवस्तुको सारांश प्रस्तुत गरिएको

छ ( )   छैन ( )

ख)   पाठको रुचीपूर्ण समाप्ती गरिएको

छ ( )   छैन ( )

ग)   पाठ समाप्तीको लागि उपयुक्त समय व्यवस्थापन गरिएको

छ ( )   छैन ( )

घ)    गृहकार्य प्रदान गरिएको

# शिक्षणमा शिक्षक तालिमको प्रयोग

अनुसूची-४
लक्षित समूह छलफल निर्देशिका

१. तालिम सम्बन्धी जानकारी

२. तालिमको सैद्धान्तिक अवधारणा

३. तालिमको व्यवहारिक अवस्था

४. तालिममा सिकेका कुराहरुको अनुसरण

५. तालिम प्रयोगका समस्याहरु

६. समाधानका उपायहरु

७. सल्लाह तथा सुझाव

# शिक्षणमा शिक्षक तालिमको प्रयोग

अनुसूची-५
नमूना छनौटमा परेका शिक्षकहरुको विवरण

| क्र.सं. | शिक्षकको नाम | विद्यालय | योग्यता | तालिम |
|---|---|---|---|---|
| 1 | हरि नारायण ठाकुर | विष्णु चरण श्रेष्ठ मा.वि.वेल्हा | S.L.C | दश महिने |
| 2 | उपेन्द्र कुमार यादव | | B.Ed. | द्यािभ्म। |
| 3 | प्रेमलाल यादव | जनता माध्यमिक विद्यालय गौरीपुर | I.Ed | I.Ed |
| 4 | केशव कुमार शर्मा | | S.L.C | दश महिने |
| 5 | रामवावु यादव | नि.मा.वि रामौल मखनाहा | I.E.d | |
| 6 | किरण यादव | श्री नि.मा.वि रमौल | I.Ed. | |
| 7 | बालेदव यादव | कन्या नि.मा.वि सिरहा | S.L.C | दश महिने |
| 8 | लालबावु साह | कन्या नि.मा.वि सिरहा | S.L.C | दश महिने |
| 9 | हरि नारायण यादव | प्रा.वि तिलासी | I.Ed | |
| 10 | राम उदगार साह | प्रा.वि तिलासी | S.L.C | दश महिने |
| 11 | श्यामवावु महरा | प्रा.वि वेल्हाकट्टी | S.L.C | दश महिने |
| 12 | श्यामवावु महरा | प्रा.वि वेल्हाकट्टी | S.L.C | दश महिने |
| 13 | दिलिप कुमार साह | आदर्श प्रा.वि खोरिया | S.L.C | दश महिने |
| 14 | अमरनाथ यादव | | S.L.C | दश महिने |
| 15 | मनमोहन अधिकारी | प्रा.वि विष्णुपुर प्र.म | S.L.C | दश महिने |
| 16 | धर्मेन्द्र साह | प्रा.वि विष्णुपुर प्र.म. | S.L.C | दश महिने |

( श्रोत : विद्यालय )